# परिच्छेद एक : परिचय

परिच्छेद एक परिचय अन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको औचित्यता, अध्ययनको उद्देश्य, अनुसन्धानात्मक प्रश्नहरु, अध्ययनको परिसिमा राखिएको छ ।

## १.१ अध्ययनको पृष्ठभूमि

मानवीय विकासको महत्वपूर्ण आधार शिक्षा हो । यस धर्तिमा जन्मिएका प्रत्येक परिवारका बालबालिकाले शिक्षा हासिल गर्न पाउनु यसको नैसर्गिक अधिकार हो । जुन राष्ट्रहरुले महिला र पुरुषलाई शिक्षाको समान अवसर प्रदान गरे तिनै राष्ट्रहरु देश विकासको चरम सिमाना पुग्न लागिरहेका छन् । जुन राष्ट्रहरुले महिलाहरुलाई शिक्षाको अवसरबाट हरदम ऐतिहासिक कालदेखि वर्तमान समय सम्म वञ्चित गराउने उद्देश्यले कार्यक्रम तर्जुमा गरे ती राष्ट्रहरु हालसम्म पनि विकासको गतिमा अघि बढ्न सकिरहेका छैनन् । यसैकुरालाई बुझि विकासोन्मुख देशहरुले पनि अन्य क्षेत्रको खर्च घटाई शिक्षामा लगानी वृद्धि गर्दै लगिरहेका छन् ।

वर्तमान अवस्थामा पनि विद्यालयमा छात्रको तुलनामा छात्राहरुको सहभागिता न्यू भएका तथ्य विभिन्न तथ्याङ्क र सर्वेक्षणबाट प्राप्त भइरहेको अवस्था छ । त्यसकारण नेपाल सरकारले पनि विद्यालयमा छात्राहरुको सहभागिता वृद्धि गर्ने नीति लिइरहेको छ र त्यस अनुसारको कार्यपनि भइरहेको छ । यसै सिलसिलामा संयुक्त राष्ट्रसंघले विश्वका कुनैपनि मुलुकमा बसोवास गर्ने मानिसको निश्चित आधारभूत शिक्षालाई उसको मानवअधिकार रुपमा लिई वडापत्र पारित गरेको थियो । सवैका लागि शिक्षा उपलव्ध गराउने सम्बन्धमा सन् १९९० मा थाइल्याण्डको जोम्टिन र सन् २००० मा सेनेगलको डकारमा गरी दुईवटा सम्मेलन सम्पन्न भइसकेको छ ।

नेपालमा परापूर्व कालदेखि नै प्रत्यक्ष अप्रत्यक्ष रुपबाट शिक्षा लिनेदिने कार्य भएको पाइन्छ । एउटा परिवारको जेष्ठ सदस्यबाट सन्ततीहरुलाई समाजको चालचलन, रितिरिवाज, जीवनको

आदर्श, धार्मिक तथा सामाजिक मान्यता जस्ता कुराहरुको जानकारी दिने गरेको कुराबाट त्यस समयमा नेपालमा पारिवारिक शिक्षा थियो भन्न सकिन्छ ।

नेपालमा औपचारिक विद्यालय शिक्षाको प्रारम्भ वि.सं. १९९० देखि भएको हो । वि.स. १९१० मा राणा प्रधानमन्त्री जंगबहादुर राणाले आफ्ना सन्ततीहरुलाई अंग्रेजी शिक्षा दिने उद्देश्यले थापाथलीमा खोलेको दरवार स्कुललाई नै नेपालको पहिलो आधुनिक विद्यालय मानिन्छ । यस भन्दा अगाडि विभिन्न धार्मिक केन्द्रहरु जस्तै गुम्वा, मस्जिद, मन्दिर मदरशा आदिमा धार्मिक एवं अध्यात्मिक शिक्षा दिइन्थ्यो यस्ता धार्मिक संस्थाहरुको सञ्चालन र भौतिक व्यवस्थापन तिनीहरुको नाममा राखिएका गुठीहरुबाट हुन्थ्यो र पण्डित पुजारी तिनीहरुको रेखदेख एवं सम्पूर्ण व्यवस्थापन गर्दथे (पौडेल, २०५५:१७) ।

समाजको विकास संगै आवश्यकताहरु पनि बढ्दै गए र जटिलताहरु पनि थपिदै गए धार्मिक संस्थाहरुमा दिइएको ज्ञानले मात्र जीवनका लागि आवश्यक पर्ने सम्पूर्ण ज्ञान, सीप र धारणाको विकास हुन सकेन अतः वदलिदो परिस्थिति अनुसार नेपालमा पनि विद्यालय शिक्षाको प्रादुभाव भयो । राणाकाललाई शिक्षा विकासको अवरोधको काल मानिन्छ । तापनि शिक्षाप्रति जनताको चाहना र उर्ददो लहरलाई राणहरुले पूर्ण रुपले रोक्ने सकेनन् जसको फलस्वरुप देशको विभिन्न भागमा जनताहरुद्वारा संचालित पाठशालाहरु खुल्नेक्रम तिव्र भयो । यसरी खुलेका पाठशालाहरुको सम्पूर्ण व्यवस्थापन जनताहरुबाट नै हुन्थ्यो । पढेलेखेका व्यक्तिहरुले स्वयंसेवकको रुपमा पढाउँथे । धार्मिक प्रवृत्ति भएका मानिसहरुबाट विद्यालय संचालनको लागि दान दन्तव्य प्राप्त हुन्थ्यो । विद्यालयहरुका निश्चित आयस्रोतहरु थिएनन् । तैपनि विद्यालयहरु खोली आफ्ना सन्ततीहरुलाई शिक्षित बनाउने जनचाहना व्यग्र देखिन्थ्यो, यस्तो अवस्थामा संचालन भएका विद्यालयहरुको व्यवस्थापन प्रशसन र निरीक्षण राज्यवाटै गर्नुपर्ने अन्यथा राणा शासनको विरोधमा जनता उर्लन सक्ने देखि राणा प्रधानमन्त्री जुद्ध शम्शेरले वि.स. १९९६ मा शिक्षा हस्तिहार जनताका नाममा जारी गरे (पौडेल, २०५५:२) ।

नेपालको शैक्षिक इतिहासमा महिलाहरुलाई पठनपाठन कार्यका सहभागी गराउने प्रयास गरिएता पनि अपेक्षित उपलव्धि हासिल हुन सकेको छैन । शिक्षा समाजको ऐना भएको हुँदा समाजकै समग्ररुप महिला पुरुष दुवैलाई समान अवसर प्रदान गर्नुपर्छ । एउटा पुरुष शिक्षित भए ऊ एक्लै मात्र शिक्षित बन्छ भने एउटा महिला शिक्षित भए पुरै परिवार शिक्षित बन्छ ।

प्रत्येक घरका महिला शिक्षित हुँदा गाउँघर, सम्पूर्ण समाजको वातावरण सुधार हुन जान्छ । शिक्षाको लहर गाउँ गाउँ बस्ती वस्तीसम्म पुऱ्याई महिला शिक्षामा जोड दिनुपर्छ नेपालको परिप्रेक्ष्यमा आधुनिककालमा पनि महिला शिक्षामा उल्लेख्य प्रगति भएको पाइदैन (उपाध्यय, २०६३: ३) ।

प्राचिन कालको वैद्धिक शिक्षामा महिलाहरु समान अधिकार सम्पन्न थिए । मैत्रयी गार्गी जस्त विदुषिहरुले गरेको शास्त्रार्थबाट त्यसबेला महिलाहरुले वेदको अध्ययन गरी शिक्षा आर्जन गर्ने अधिकार पाएको कुरा पुष्टि गर्न सकिन्छ । वेदको अध्ययन गरी घर फर्किने महिलालाई सद्योवद्य र अध्ययन गरेर सन्यास लिनेलाई ब्रम्हवादिनी भनी नामाकरण गरेको पाइन्छ । पदमशम्सेरले महिला शिक्षाको शुरुवात गरेको पाइन्छ भने वि.स. २०११ को नेपाल राष्ट्रिय शिक्षा योजना आयोगले छात्रा शिक्षाको आवश्यकता बारे प्रकाश पार्यो । यसले छात्राहरुको लागि नियुक्ती एवं अनिवार्य प्राथमिक शिक्षामा जोड दियो भने महिला शिक्षिकालाई प्राथमिकता दिइएको पाइन्छ । योजनावद्ध विकास मध्ये आठौ पञ्चवर्षे योजना (२०४९-०५४) ले छात्रा संख्या वृद्धि गर्न महिला शिक्षिकाको संख्या बढाउनुपर्ने भन्यो । त्यसपछिका योजनाहरुले छात्राहरुको अवस्था र सहभागितामा जोड दिएको पाइन्छ । पाँच कक्षासम्मका छात्राहरुलाई छात्रावृत्ति, छात्रावासको व्यवस्था स्कुल पोशाक, निःशुल्क शिक्षा जस्ता सुविधाहरु पनि उपलव्ध गराएको पाइन्छ ।

देशको आधा भन्दा बढि जनसंख्या महिलाले ओगटेको पाइन्छ जसमा ७० प्रतिशत छात्राहरु विद्यालय जान सकिरहेका छैनन् । प्रायजसो छात्राहरु प्राथमिक शिक्षाबाट विद्यालय छाड्छन् । छोरीलाई अर्काको घरमा जाने जात भनेर सानै उमेरमा विवाह गरिदिने, संस्कृति एवं सामाजिक दवाव हुनु नै महिला शिक्षाका समस्याहरु छन् (उच्च स्तरिय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, (२०५५:१५१) ।

धेरै खोज तथा अनुसन्धानले महिलालाई शिक्षामा प्रोत्साहन दिनका लागि नीति तथा विशेष कार्यक्रमको आवश्यकतामाथि जोड दिएतापनि महिलाको अवस्थामा खासै सुधार भएको पाइएको छैन । प्राथमिक तहसम्म अध्ययन गरी विद्यालय छाड्नते छात्राहरुको संख्यामा कमी नहुँदा महिलाहरुको वास्तविक अवस्था सुधार गर्ने उपयुक्त शैक्षिक व्यवस्था छैन । विद्यमान पाठ्यक्रम कितावी ज्ञानसंग बढी केन्द्रित र व्यवहारिक सीप निर्माण एवं धारणहरुको विकासतर्फ कम लक्षित पाइन्छन् । त्यसैकारण केहि शिक्षित महिलाहरु पनि महिला विकासको बारेमा आत्मनिर्भर, स्वरोजगार एवं आफै विश्वस्त हुन सकेका छैनन् ।

शिक्षा विभिन्न पद्धति, प्रकार ढाँचा  र तहका हुन्छन् । सवैभन्दा पहिलो आधारभूत र नभई नहुने शिक्षाका तहलाई प्राथमिक शिक्षा भनिन्छ । प्राथमिक शब्दको अर्थ पहिलो भन्ने हुन्छ । तहगत शिक्षाको पहिलो अवस्था नै प्राथमिक शिक्षा हो । विगतका दशकहरुमा प्राथमिक विद्यालयको उल्लेखनिय रुपमा विस्तार भएकोले हालप्रति गाउँ विकास समितिमा विद्यालय देखिए पनि शैक्षिक अवसर र सहभागिताको वृद्धि अझ पनि आशा गरे अनुसार हुन सकेको छैन । खासगरी बालिकाहरु र पिछडिएका जाती र समुदायका बालबालिका सहभागितामा सामाजिक, सांस्कृतिक एवं आर्थिक कारणहरुले वाधा दिएका छन् । अझै पनि प्राथमिक उमेरका करीब एकतिहाई बालबालिकाहरु औपचारिक शिक्षाबाट बञ्चित छन् । विद्यालयहरुको वितरण समानुपातिक हुन नसकेकोले  बालबालिकाहरुको निम्ति प्राथमिक शिक्षा सुगम बन्न सकेको छैन ।

सामुदायिक प्राथमिक विद्यालय तहको शिक्षा उत्तीर्ण गरिसकेपछि छात्राहरु जवानी अवस्थामा पुगिसकेका हुन्छन् र अभिभावकको सोचाई प्राथमिक तह पुरा गरेपछि छोरीलाई घरव्यवहार चलाउन आवश्यक पर्ने ज्ञान र सीप पुरा भइसकेको महसुस गर्छन । त्यसपछि तरुनी छोरीलाई घरमा राख्दा विग्रने सम्भावना देखि छोरीलाई किशोर अवस्थामा नै विहे गरिदिन्छन् । तसर्थ प्राथमिक तह उत्तिर्ण गरिसकेका छात्राहरु नि.मा.वि. तहको शिक्षा लिनबाट वञ्चित रहन्छन । हाम्रो पाठ्यक्रमले ज्ञान, सीप आर्जनको साथै विशेष गरी असल चरित्र निर्माण गर्ने तह भनि किटान गरेको छ । त्यसै अनुसार कक्षा ६, ७ र ८ मा नैतिक शिक्षाको अध्यापन पनि हुँदै आएको छ । यसरी प्रा.वि. तह मात्र उत्तीर्ण गरी पढाइ छोड्दा छात्राहरुमा असल चरित्रको निर्माण हुनबाट बञ्चित रहन्छन् । असल चरित्र एउटा नारीको लागि अत्यन्तै आवश्यक रत्न नै हो । यसकारण पनि छात्राहरुलाई नि.मा.वि. तहको शिक्षामा सहभागि गराउनु आवश्यक छ । नि.मा.वि. तह एस.एल.सी को लागि पनि एउटा जगको रुपमा रहेको तह हुनाले यस तहको अन्तिम खुडकिलो जिल्ला स्तरीय परीक्षाको मान्यता नेपाल सरकारले दिदै आएको छ ।

सामुदायिक निम्न माध्यमिक विद्यालयमा छात्रा सहभागिता कम हुनुमा छोराछोरी विचको लैंगिक विभेद, छोरीको सानै उमेरमा विहे गरिदिनु, छोरीलाई घरायसी काममा लगाउनु रोजगारपरक र सीपमुलक शिक्षा प्रणाली नहुनु महिला शिक्षिकाको अभाव, रुढीवादी संस्कार शौचालय र छात्रावासको अभाव, जनचेतना व्यवहारिक शिक्षा नीति लागु गर्न नसक्ने अवस्थाले गर्दा छात्रा सहभागितामा समस्या सृजना भएका छन् ।

## १.२ समस्याको कथन

जीवननिर्वाहका लागि अपरिहार्य तत्वको रुपमा शिक्षा रहेको हुन्छ । यसको अभावमा कुनै पनि पक्ष अगाडि बढ्न सक्दैन । विश्वकै आधा जनसंख्या ओगट्ने महिलाहरु पुरुषको तुलनामा पछि परिरहेका देखिन्छन् । नेपाली सामाजिक परिवेशमा पुरुषकै बाहुल्यता हुन्छ । घरपरिवारमा छोरीलाई भन्दा छोरालाई बढि महत्व दिइन्छ । आजको यान्त्रिक युगमा मनुष्य पुगतापनि उसको सोचाईमा त्यति ठूलो परिवर्तन हुन सकेको छैन । छोरी जन्मदा परिवारमा निरासा देखापर्ने तर छोरा जन्मदा वित्तिकै पारिवारिक एवं सामाजिक परिवेशमा खुसीको लहर जानुका साथै सासु ससुरा एवं लोग्नेले पनि छोरा पाउने आमालाई स्नेह, माया ममता दिएको पाइन्छ । प्रत्यक्ष एवं अप्रत्यक्ष रुपले "छोरीहरुले" आमा बाबावाटै शोषित हुनुपरिरहेको छ । घरको काममा महिलानै पिल्सिनु पर्ने वाध्यात्मक स्थिति यथावतै छ । पहिलो पटक महिनावारी हुने वित्तिकै छोरीको घरमा राख्नुहुन्न भन्ने रुढीवादी विचारले गर्दा आजसम्म पनि नेपाली छोरीहरुमा दक्षता, सुझबुझ, तीक्ष्ण वुद्धि भएतापनि शिक्षा ग्रहण गर्ने अवसरबाट बञ्चित हुनुपर्ने वाध्यताले गर्दा विद्यालयमा छात्रा सहभागिता न्यून रुपमा देखा परेको छ । प्रत्येक आमाबावुले खैलौनाको रुपमा छोरालाई "बन्दुक" र छोरीलाई साधारण "पुतली" दिने व्यवहारले गर्दा महिलाहरु सानै उमेर देखि वावु आमावाटै शोषित भएको प्रष्ट हुन्छ । पारिवारिक परिवेशमा आफ्नो भाईलाई विशेष किसिमको हेरचाह र आफुलाई सेवा परिस्थिति सृजना हुन गएको छ ।

आर्थिक विपन्नता, बालविवाह, घरायसी कामको बोझ, रुढीवादी संस्कार आदिले गर्दा नि.मा.वि. तहमा छात्रा सहभागिता न्यून हुन पुगेको छ । विशेष गरी दलित र जनजातिका बालबालिकाहरु प्रा.वि. तह उत्तिर्ण गरेपछि विद्यालय छोड्छन् । प्रा.वि. तह पढेपछि लेखपढ गन जानिन्छ किन नि.मा.वि. तह पढ्नुपर्यो भन्ने खालको सोच अभिभावकमा रहेको पाइन्छ । आर्थिक विपन्नता, बालविवाह, घरायसी कामको वोझ, रुढीवादी संस्कार आदिले गर्दा नि.मा.वि. तहमा छात्रा सहभागिता न्यून हुन पुगेको छ । विशेष गरी दलित र जनजातिका वालवालिकाहरु प्रा.वि. तह उत्तिर्ण गरेपछि विद्यालय छाड्छन् । प्रा.वि. तह पढेपछि लेखपढ गर्न जानिन्छ  किन नि.मा.वि. तह पढ्नु पऱ्यो भन्ने खालको सोच अभिभावकमा रहेको पाइन्छ । सामुदायिक नि.मा.वि.मा छात्रा सहभागितामा प्रभाव पार्ने तत्वहरु के के हुन् ?,

नि.मा.वि. तहमा छात्रा सहभागिता न्यून हुनुका र कारणहरु के के हुन् ?, प्राथमिक तह उत्तिर्ण गरेका छात्राहरु नि.मा.वि. तह पुरा नगरी किन विद्यालय छाड्छन् ?, सामुदायिक नि.मा.वि. मा छात्रा सहभागिता वृद्धि गर्ने उपायहरु के के हुन् ? जस्ता प्रश्नहरु समाजमा उठ्ने गरेका छन् ।

यी कुराहरुको विचार गरी सामुदायिक निम्न माध्यमिक विद्यालयको छात्रा सहभागितालाई समस्या कथनको रुपमा लिइएको छ ।

## १.३ अध्ययनको औचित्य

कुनैपनि देशको विकासमा शिक्षा अहम भूमिका रहेका हुन्छ । समाजमा रहेका तमाम असमानता अन्धविश्वास र कुरितीलाई हटउानको लागि समेत यसको महत्वपूर्ण स्थान रहन्छ । महिला र पुरुष दुवैमा समान शैक्षिक विकास हुनुपर्दछ । आजका छात्रा भोलिका आमा हुन् । तसर्थ घरमा आमा शिक्षित भएमा मात्र परिवार शिक्षित हुन्छ । त्यसकारण महिलालाई शिक्षामा समान अवसर गर्नु मुख्य दायित्व रहेको हुन्छ । यसै कुरालाई पुरा गर्नको लागि सवैको लागि शिक्षा कार्यक्रम ९भ्ब० ले समेत २०१५ सम्म सवलाई शिक्षा प्रदान गर्ने उद्देश्य राखेको छ । महिलालाई बढी जागरुक बनाई उत्पादनशील, आत्मनिर्भर र सीपमुलक वनाई मुलुकको विकासमा सहयोगी बनाउनु आजको आवश्यकता हो । उपयुक्त नीति एवं कार्यक्रम तर्जुमा गरी समाजमा रहेका नकारात्मक धारणाहरु हटाउन अत्यावश्यक छ । सम्पन्न तथा शिक्षित महिलाहरु समेत यी कुरीतिहरुलाई हटाउन सकेको पाइदैन । यस सम्बन्धमा केहि महिला अधिकारकर्मीहरुले यस्ता महिला अधिकारका मुद्दाहरु उठाउदै आएको भएतापनि ग्रामीण अशिक्षित तथा गरिब महिलाहरुमा यस्तो चेतनाको अभाव पाइन्छ । जसले गर्दा उनीहरु आफैले कठिनाई भोग्न बाध्य भइरहेका छन् । महिला क्रियाकलापहरुलाई बढी व्यावहारिक बनाउनका लागि नेतृत्व तथा प्रोत्साचहन गर्न महिलाको आवश्यकता खड्किरहेको पाइन्छ ।

देश विकासको विविध पक्षमा शिक्षाको जति महत्व र आवश्यकता छ, आजको परिस्थितिमा शिक्षाको गुणस्तरीयता कायम गर्नु एवं शिक्षामा समान पहुँच र सहभागिता सुनिश्चित गर्नु झन बढी आवश्यक छ । शिक्षामा समता र समानता कायम गर्न शिक्षामा छात्रा सहभागिता बढाउने, छात्रा नियमितता बढाउने उपाय खोज्नु, वर्तमान परिप्रेक्ष्यमा सवैका लागि शिक्षा २०१५ को नारालाई प्रभावकारी कार्यान्वयनमा सहयोग पुर्‍याउँछ ।

समाजमा रहेको असमानता हटाउन शिक्षाको भूमिका महत्वपूर्ण हुन्छ । चेतनाकोस्तर उकासेर लैङ्गिक असमानता हटाई शिक्षामा समता र समानताको नारालाई प्रभावकारी गराउन पनि जरुरी छ । यसको लागि सबैले शिक्षा पाउने अधिकारको सुनिश्चितता हुनु  पर्दछ । यसबाट शिक्षक, अभिभावक, शिक्षाप्रेमी तथा शिक्षा सरोकारवालाहरुलाई समेत सहयोग पुग्ने आशा गरेको छु ।

यसै सन्दर्भमा सामुदायिक निम्न माध्यमिक विद्यालयमा छात्रा सहभागिता नामक शोधको औचित्य निम्नानुसार छन्ः

क. हाम्रो जस्तो विकासशिल देशमा महिला र पुरुषप्रति गरिने लैङ्गिक नीति विभेदकारी भएकोले यसको चुनौतिलाई कम गराउन सकिने विश्वास लिइएको छ ।

ख. छात्रालाई शिक्षामा बढी भन्दा बढी सहभागि गराउन शिक्षक, समाज र विद्यालयलाई यो शोधपत्रले पथप्रदर्शन गर्नेछ ।

ग. विद्यालयमा छात्रा सहभागिता बढाउन गरिएको विभिन्न प्रयासलाई थप टेवा दिन सहयोग पुग्दछ ।

घ. यस अध्ययनबाट छात्रा तथा समुदायको निम्न माध्यमिक शिक्षामा समान अवसर र सहभागिता बढाउन अपनाउनुपर्ने भावी रणनीतिहरुको योजना बनाउन र छात्रासँग सम्बन्धित अन्य अनुसन्धान गर्न इच्छुक अनुसन्धानकर्ताहरुलाई मा.वि. अनुसन्धानको लागि सहयोग गर्दछ ।

ङ. निम्न माध्यमिक शिक्षाको पाठ्यक्रमको उद्देश्य सच चरित्र निर्माण गर्ने भएको हुँदा त्यस उद्देश्यको यस तहमा छात्राहरुको सहभागिता बढ्नु चरित्रवान नागरिकको लागि संख्या बढ्नु भएकोले यस शोधपत्रको विशेष महत्व रहेको छ ।

च. अन्त्यमा यस विषयसंग सरोकार राख्ने विभिन्न व्यक्तिहरु शिक्षकहरु, शिक्षाविदहरु, विभिन्न सरकारी तथा गैर सरकारी निकायहरु, नीति निर्माताहरुलाई छात्रा सहभागितामा वृद्धि गराउन, पाठ्यक्रमलाई समयानुकुल परिमार्जन गर्न र नीति निर्माताहरुलाई छात्रा सहभागितामा वृद्धि गराउन, पाठ्यक्रमलाई समयानुकुल परिमार्जन गर्न समेत सहयोग मिल्छ ।

## १.४ अध्ययनका उद्देश्य

यस अध्ययनका उद्देश्य यस प्रकार रहेका छन् ।

क. नि.मा.वि. तहमा छात्रा सहभागिताको अवस्था पहिचान गर्नु ।

ख. नि.मा.वि. तहमा छात्रा सहभागितामा प्रभाव पार्ने तत्व खोजी गर्नु ।

ग. छात्रा सहभागिता बृद्धि गर्ने उपाय खोजी गर्नु ।

## १.५ अनुसन्धानात्मक प्रश्न

क. नि.मा.वि. तहको छात्राहरुको शिक्षामा सहभागिताको स्थिति के–कस्तो छ ?

ख. उनिहरुको शैक्षिक स्थिति के कस्तो छ ?

ग. छात्रा सहभागिता वृद्धि नहुनुको कारणहरु के के हुन् ?

घ. छात्राहरुको सहभागितामा प्रभाव पार्ने तत्वहरु कुन कुन हुन् ?

ङ. नि.मा.वि. तहमा छात्राहरुको शिक्षामा सहभागिता वृद्धि गर्ने उपायहरु के के हुन् ?

च. विद्यालयमा कस्तो अवस्थामा बालबालिकाहरुको संख्या वृद्धि हुन्छ ?

## १.६ अध्ययनको परिसीमा

यस अध्ययनको उद्देश्य तथा क्षेत्र व्यापक भएतापनि उपलब्ध स्रोत तथा साधनलाई ध्यानमा राखी सीमित परिसीमा तोकिएको छ । यस अध्ययनको लागि स्रोत र साधनको कमी, समयको अभावका कारण सिमित परिधिमा गरिएकोले सम्पूर्ण राष्ट्रको प्रतिनिधित्व गराउन सकिएको छैन । १० वटा नि.मा.वि.को आधार लिई अध्ययनलाई सीमाङ्कन गरिएको छ । छनोट गरिएका विद्यालयमा नि.मा.वि. ६,७,८ कक्षामा अध्ययनरत छात्राहरुमा आधारित गरिएको छ । रुपन्देही जिल्ला भैरहवा स्रोत केन्द्र अन्तर्गत ४० वटा सामुदायिक विद्यालयहरु रहेका छन् । यस अध्ययन कार्यको लागि भैरहवा स्रोत केन्द्र अन्तर्गतका विद्यालयहरु खजहना नि.मा.वि., सि.न.पा. ५, नवदुर्गा नि.मा.वि. सि.न.पा. ४, जनता नि.मा.वि. चिल्हिया ३ कैलाशनगर, भैरहवा उ.मा.वि. सि.न.पा. ५ रुपन्देही लिलाराम न्यौपाने मा.वि., सि.नपा. ८, सु–संस्कृत मा.वि. सि.न.पा. १३ शान्तिनगर, पक्लिहवा मा.वि. सि.न.पा. १, बेलाहिया मा.वि. सिन.पा. १, चिल्हिया मा.वि. चिल्हिया ६, भानु मा.वि. सि.न.पा. ९ छनोट गरी जम्मा १० वटालाई अध्ययनमा सिमित गरिएको छ ।

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

परिच्छेद दुईमा सम्बन्धित साहित्यको पुनरावलोकन अन्तर्गत सम्बन्धित साहित्यको पुनरावलोकन, सैद्धान्तिक खाका र शैक्षिक उपादेयता उल्लेख गरिएको छ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

विज्ञान र प्रविधिको वर्तमान युगमा विभिन्न पुस्तक, पत्रपत्रिका, लेख, रचना, अध्ययन र अनुसन्धानले गर्दा हरेक अनुसन्धानलाई सरलता प्रदान गरेको छ । छात्रा सहभागितामा प्रभाव पार्ने तत्वहरु पत्ता लगाउने सम्बन्धी अनुसन्धान गरिएका कति तथा सामग्रीहरुको अझै पनि कमी छ । तसर्थ यो अध्ययनको क्रममा छात्रा सहभागितामा प्रभाव पार्ने तत्वहरुको पहिचान र तिनीहरुका समाधानका उपायहरु खोजको लागि विभिन्न पुस्तक, लेख, रचना, पत्रपत्रिका र अनुसन्धानात्मक खोजको अध्ययन गरिएको छ ।

पौड्याल (२०६४), ले आफ्नो लेखमा दीर्घकालिन र समाहीत नीति र योजनाको अभाव हुनु, राजनैतिक प्रतिवद्धताको अभाव हुनु, सहभागिता मूलक छलफललाई कार्यक्रममा सहभागी गराउन नसक्नु, आवश्यकता अनुसार बजेटको अभाव, शैक्षिक व्यवस्था कमजोर र अस्थिर हुनु, कार्यक्रममा दोहोरोपन, निरन्तर कार्यक्रमको अभाव, उपयुक्त संरचनाको अभाव हुनु, उपयुक्त सामग्री र कार्यक्रमको अभाव, कार्यक्रमको योजना र कार्यान्वयनमा सरोकारवालालाई पूर्ण रुपमा सहभागिता गराउन नसक्नुलाई महिला शिक्षाको समस्याको रुपमा वर्णन गरेका छन् ।

नेपाल सरकार २०६४, अनुसार लैङ्गिक समताका लागि नेपाल सरकारद्वारा भएका प्रयासहरुमा विद्यालय नक्शाङ्कनमा आवश्यकताको पहिचान गरिएको, बालिका तथा सुविधा विहिन बालिकाका लागि छात्रवृत्ति तथा प्रोत्साहन कार्यक्रमहरु परीक्षण गरी परिमार्जन गर्दै लगेको, चेतना जगाउनको लागि सामाजिक परिचालन कार्यक्रमलाई प्राथमिकता दिएको, द्वन्द्व तथा प्राकृतिक प्रकोपबाट प्रभावित बालबालिकालाई निरन्तर सहयोगको लागि प्रभावकारी र भरपर्दो सूचना व्यवस्थापन विधि अपनाइएको, भौतिक निर्माण तथा सम्भार गरेको, शैक्षिक व्यस्थापन, योजना तथा अनुगमनका लागि विद्यालय सुधार योजना तथा गाउँ शिक्षा योजनाको निर्माण सबै विद्यालयमा गरेको, जिल्ला शिक्षा, गाउँ शिक्षा र विद्यालय व्यवस्थापन

समितिहमा महिला अनिवार्य प्रतिनिधित्व गराउने, तीनवटा दरबन्दी भएको प्रत्येक प्राथमिक विद्यालयमा कम्तिमा १ जना, चारदेखि सात दरबन्दी भएकोमा २ जना र सातभन्दा बढी दरबन्दी भएकामा कम्तिमा तीनवटा महिला शिक्षकको व्यवस्था गरिएको, महिला शिक्षक तालिमप्राप्त नभएता पनि दुई वर्षका लागि अध्यापन अनुमति पत्र र शिक्षक पदको परीक्षामा उम्मेदवार हुन पाउने व्यवस्था गरिएको कुरा औंल्याइएको छ ।

शर्मा (२०५७), का अनुसार महिला शिक्षामा देखा परेका समस्याहरुमा महिला शिक्षालाई प्रभावकारी रुपमा देशभरी कार्यान्वियन गर्न नसक्नु, एस.एल.सी. को योग्यतालाई बाबुआमाले गत्तीलो केटा पाउने हतियारको रुपमा मात्र सम्झनु, स्वयंम बालिकालाई शिक्षा आर्जनबाट हुने फाइदाको बोध नहुनु, नारी सम्मानको बारेमा धार्मिक ग्रन्थ र पुस्तकमा उल्लेख भएपनि नारी सम्मानको कार्यान्वियन पक्ष समाजमा फितलो हुनु रहेका छन् ।

पौड्याल (२०६४), का अनुसार छात्रा भर्नामा प्रभाव पार्ने तत्वहरुमा जनचेतनामूलक कार्यक्रम, परिवारको संरचना, लैङ्गिक विभेद, गरीवि, शान्ति सुरक्षाको व्यवस्था, राजनितिक स्थिरता, शसस्त्र द्वन्द्वको अन्त्य रहेका छन् । विद्यालयमा छात्रा नियमितता बढाउन कक्षा क्रियाकलाप र अतिरिक्त क्रियाकलापको संचालन, निशुल्क पोशाक, खाजा व्यवस्था, छात्रावृत्ति, कापीकलमको व्यवस्था हुनुपर्ने रहेका छन् । विद्यालयमा छात्रा भर्ना र नियमतिता वृद्धि गर्न महिला शिक्षिकाको उपस्थिति, शौचालयको राम्रो व्यवस्थापन, उदारकक्षोन्नती, विद्यालय र घर बिचको भौगोलिक दुरी कम गर्ने, लैङ्गिक विभेद र गरिवि निवारण गरिनुपर्ने जस्ता उपायहरु अवलम्बन गर्नुपर्ने मार्गनिर्देशन गरिएको छ ।

विद्यालय क्षेत्र सुधार कार्यक्रम (२०६४), का अनुसार विद्यालयमा समावेशी सहभागिता शुनिश्चित गर्न चुनौतिको विषय हुनुको कारणहरुमा केटीहरुलाई पढाउनुपर्छ भन्ने मान्यताको कमी, केटीहरुले घरको काममा सघाउनु पर्छ भन्ने धारणा विद्यमान रहनु, गरिवीको लागि अवसरको मूल्य बढी हुनु, छात्राहरुको लागि उपयुक्त शौचालयको व्यवस्था नहुनु, सिकाई प्रक्रिया भेदभावकारी हुनु, प्रशासकीय पदहरुमा महिलाहरुको प्रतिनिधित्व न्यून हुनु र विद्यालयमा महिला शिक्षकको संख्या कम हुनु रहेका छन् । वर्तमान शिक्षा पद्धतिले शिक्षामा गरिब र पिछडिएको समुदायका छात्राहरुको सहभागिता बढाउन नसक्नाले शिक्षाको पहुँचमा स्पष्ट रुपमा असमानता देखिएको छ । सरकारले सामाजिक न्याय र समानता दिने प्रतिवद्धता

गरे अनुरुप उपलब्धिको लागि वातावरण बनाउन र समान सहभागिताको लागि पुलको काम गर्न शिक्षा पद्धति अग्रसर हुनुपर्ने, सुझाव दिएको छ ।

राष्ट्रिय शिक्षा ओयोग, (२०४९) का अनुसार शिक्षाको अवसर वा सुविधा उपलब्ध गराएर मात्र छात्रा सहभागिता बढ्दैन यसलाई विद्यार्थीहरुको पारिवारिक स्थिति, आर्थिक स्थिति, सामाजिक र सांस्कृतिक परिवेश, लिङ्ग, विद्यालयका शैक्षिक वातावरण, विद्यालयको सिकाइको अनुकुल स्थितिले प्रभाव पारिरहेको हुन्छ । विद्यालयको सुविधा प्रयाप्त भएका जिल्लाहरुमा पनि माथिका विविध समस्याका कारणले गर्दा छात्राहरु शिक्षामा सहभागि हुन नसकेको कुरा उल्लेख गरेको छ ।

प्राथमिक तहमा विद्यालय छोड्ने कारणहरुमा आमाबावुको छोरीको शिक्षा प्रतिको नकारात्मक धारणा, छोरीमाथि घरायसी जिम्मेवारीको बोझ, विद्यालयको कमजोर भौतिक अवस्था, परिवारको आधार, परिवारको आम्दानी, कमजोर आर्थिक अवस्था जस्ता कारणहरुले छात्राहरु विद्यालयमा भर्ना नहुने, भर्ना भइहाले छिट्टै विद्यालय छोड्ने रहेको छ । यसरी छिट्टै विद्यालय छोड्ने छात्राहरु सुविधाविहिन र दलित परिवारका छन् । प्राथमिक विद्यालयमा छात्रा भर्ना र तिनीहरुको वर्तमान स्थितिलाई अध्ययन गर्दा छात्रा भर्नादर कम हुनुमा छात्राहरुलाई छात्रवृत्तिको व्यवस्था प्रयाप्त मात्रामा नभएको, छोरीले घरको काम हेर्नुपर्ने परम्परागत सोचाई कायम रहेको, छोरा र छोरी बीच लैङ्गिक भेदभाव कायम रहेको र छोरी अर्काको घरमा जाने जात भएकोले पढाएर के गर्ने भन्ने मान्यता रहेको छ (सेरिड, १९९१, उपध्याय २०६७, द्वारा उदृत) ।

नेपाल सरकार, (२०६४) का अनुसार लैङ्गिक असमानताका कारण नेपालमा प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहमा छात्राहरुको खुद भर्नादर छात्रको भन्दा कम रहनुको साथै महिला शिक्षिकाको अनुपात पुरुष शिक्षक भन्दा कम रहेको उल्लेख गरेको छ । नेपालका विद्यालयहरुमा प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहमा छात्राहरुको सरदर भर्नादर क्रमशः ३९.६ प्रतिशत, ७५.९ प्रतिशत र ५२.४ प्रतिशत तथा माथिका तीनवटै तहका विद्यालयमा खुद भर्नादरमा छात्रको दाँजोमा कम रहेको छ । त्यस्तै तीनै तहका विद्यालयमा महिला र पुरुष शिक्षकको अनुपात क्रमशः १:१४, १:०५ र १:०४ रहेको छ । सामाजिक र सांस्कृति दृष्टिकोणले गर्दा समाजमा लैङ्गिक विभेद उत्पन्न भएको हो । त्यसकारण सामाजिक

र सांस्कृतिक दृष्टिकोणलाई व्यवहारमा परिवर्तन नल्याई विद्यालयमा छात्राहरुको सहभागिता बढाउन सकिदैन । छात्रा भर्नादर बढाउन व्यापक सामाजिक जागरण अभियान संचालन गर्नुपर्ने, विद्यालयका संख्याको आधारमा उचित संख्यामा महिला शिक्षिकाको व्यवस्था हुनुपर्ने सुझाव दिएको छ ।

कार्की (२०६३), का अनुसार नेपालमा महिलाको जनसंख्या पुरुषको भन्दा बढि भएपनि जुनसुकै क्षेत्रमा पुरुष भन्दा महिला पछि परेको तथ्य उल्लेख गरेका छन् । जनगणना २०५८ मा महिलाको जनसंख्या ५०.०३ प्रतिशत औषत आयु ६२.२ वर्ष साक्षरता (१५ वर्ष सम्मको) ३४.६ प्रतिशत मन्त्री परिषद्मा ५.५ प्रतिशत प्रतिनिधि सभा सदस्य ५.८५ प्रतिशत, नीजामती सेवामा सहभगिता ८.५ प्रतिशत, शिक्षक २६ प्रतिशत, संचारमा १२ प्रतिशत, वैदेशिक रोजगारीमा १०.८५ प्रतिशत, भू-स्वामित्व १०.८३ प्रतिशत, कृषि उत्पादनमा योगदान ६०.५ प्रतिशत हुनुले महिलाको स्थिती पछि रहेको कुरा प्रष्ट हुन गएको छ ।

शर्मा एण्ड शर्मा (२०६४), का अनुसार तीन वर्षिय अन्तरीम योजना (२०६४/०६५-२०६६/०६७) मा पनि सबैको लागि शिक्षा, आधारभूत प्राथमिक शिक्षा जीवनपयोगी सान्दर्भीक रोजगारमूलक सीपमूलक र उत्पादन मूलक शिक्षा, निरनतर पहुँच, गुणस्तरीय शिक्षा जस्ता पक्षमा नेपालले अन्तराष्ट्रिय क्षेत्रमा प्रतिवद्धता जाहेर गरेको देखिएता पनि केहि छात्रा सम्बन्धी सुचकहरुले शिक्षामा बालिकाको पहुँच कम भएको तथ्य देखाउँछन् । यसमा छात्रा सम्बन्धी केही सूचकहरुमा प्रा.वि. तहमा छात्राहरुको कूल भर्नादर ४८ प्रतिशत, महिला शिक्षिका ३० प्रतिशत, नि.मा.वि तहमा कुल भर्नादर ७१.७५ प्रतिशत मा छात्रा ४६.६ प्रतिशत, माध्यमिक तहमा कूल भर्नादर ५६.७ प्रतिशतमा, छात्रा ४६.३ प्रतिशत देखिन्छ भने छात्रा भर्ना प्रा.वि. तहमा ४३ प्रतिशत बाट ४८ प्रतिशतमा पुगेको दशौ योजना (२०५९-२०६४) को अन्त्यमा लैङ्गिक समता सूचक ०.६१ प्रतिशत पुगेको देखिन्छ तर पनि करिव १२.६ प्रतिशत बालबालिका प्रा.वि. को शिक्षा लिनबाट बञ्चित रहेको देखिन्छ ।

## २.२ सैद्धान्तिक खाका

कुनैपनि विषयवस्तुको व्याख्या विश्लेषण गर्ने विचारको समूहलाई सिद्धान्त भनिन्छ । जसको सहायताबाट कुनै परिस्थिति वा अवस्थामा रहेका विभिन्न तत्वहरु बीच सम्बन्ध स्थापित गर्ने, व्याख्या गर्ने तथा पूर्वानुमान गर्ने गरिन्छ । यस अनुसन्धानलाई सफल बनाउन विशेष गरी देहायका सिद्धान्तलाई आधार बनाइएको छ ।

### २.२.१ मेरी पार्कर फोलेटको मानव सम्बन्ध सिद्धान्त

मेरी पार्कर फोलेटको जन्म सन् १८६८ मा अमेरिकाको बोस्टन सहरमा भएको हो । उनले हावर्ड र क्याम्ब्रीजमा अध्ययन गरेकी थिइन् । फोलेट एक मानवीय, सामाजिक, राजनीतिज्ञ एवं दार्शनिक थिइन् । उनको विचारमा उत्पादन बढाउन व्यक्तिहरुको भावना र चाहना बुझेर कामदार र प्रशासनबीचको मानवीय सम्बन्ध, झगडा, कलुषित भावना आदिको समाप्ती गर्नुपर्छ । उनको सन् १९५० मा प्रकाशित क्रियटिभ एक्सपेरियन्स नामक पुस्तकमा मानवीय सम्बन्धको विविध पक्षलाई सरलतापूर्वक उल्लेख गरेकी छिन् । जति धेरै राम्रोसँग समन्वय र सम्बन्ध स्थापना गर्न सक्यो त्यति नै राम्रो सम्बन्ध कायम भइ काममा स्तरीयता एवं प्रभावकारीता हासिल हुन्छ । उनले प्रजातान्त्रिक र सहभागितामूलक सिद्धान्तलाई जोड दिइन् । सामुहिक भावनाबाट नै अत्यधिक सफलता हासिल हुने उनको तर्क छ । संगठनको स्थापना र उद्देश्यले नै व्यक्तिमा कार्य गर्ने भावना निर्भर गर्दछ ।

**उनका समन्वयसम्बन्धी प्रसिद्ध सिद्धान्त निम्न छन्**

**१. सीधा सम्पर्क मापन गर्नेः** सीधा सम्पर्क कायम गरी मानव सम्बन्धको विकास गर्न सकिन्छ । कामदारसँगै सम्बन्धित अधिकारीले प्रत्यक्ष सम्पर्क गरेर उनीहरुका विचार, काम गर्ने तौर तरिकाका बारेमा बोध हुन्छ । नजानेका, नबुझेका, शंका लागेका, अपस्ष्ट भएका कुरामा तेर्सो सञ्चार प्रक्रिया अपनाई मानवीय सम्बन्ध स्थापित गर्नुपर्छ ।

**२. समयमा समन्वय गर्नेः** समन्वय जहिले पनि कार्यान्वयनको प्रारम्भिक अवस्थाबाट गर्नु राम्रो हुन्छ । संघसंस्थामा योजना, नीति निर्माण र संगठन निर्माणसंगै समन्वयका कार्य निरन्तर रुपमा संचालन गर्नुपर्छ । यसबाट व्यक्तिमा अभिप्रेरणा, उत्साह र मनोवृत्तिको विकास हुन्छ ।

**३. सबै तत्व र परिस्थितिमा समन्वय गर्नेः** संघसंस्थामा मानिस, मेसीन, वस्तु र वातावरणबीच घनिष्ट, पारस्परिक सम्बन्ध रहेको हुन्छ । यसर्थ सबै साधन र स्रोतलाई सामुहिक उद्देश्य प्राप्तिका लागि एकिकृत गर्न सके मानव सम्बन्ध बढ्छ जसले उत्पादन पनि बढ्ने हुन्छ ।

**४. समन्वय नियमित प्रक्रियाको रुपमा** : संस्थामा साधन, स्रोत, प्रक्रिया र वातावारणबीच पारस्परिक सुमधुर र स्पष्ट सम्बन्ध कायम राख्न समन्वयात्मक कार्य अविधिन्न रुपमा गर्नुपर्छ ।

सन् १९५० मा मेरी पार्कर फोलेटद्वारा सम्पादित क्रियटिभ एक्सपेरियन्स नामक पुस्तक मार्फत मानिसमा जति धेरै मानविय सम्बन्ध स्थापना गर्न सक्यो भने उती नै राम्रो सम्बन्ध कायम भई काममा स्तरियता एवं प्रभावकारीता हासिल हुन्छ भन्ने यस सिद्धान्तको सार रहेको छ । सक्रिय सहभागिताको अत्यधिक महत्व हुन्छ भन्ने उनको भनाइ छ । यसै सन्दर्भलाई दृष्टिगत गरी हाम्रो देशमा शिक्षामा महिलाहरुको सक्रिय सहभागिता न्यून भएका कारणले नेपाली महिला पछाडि परेका हुन कि ? अथवा समन्वयका कमिका कारण, अवसरको कमिको कारण पछि परेका हुन भन्ने कुरालाई अध्ययन गर्न यो सिद्धान्तलाई आधार बनाइएको छ (कोइराला र श्रेष्ठ, २०६३: १२) ।

### २.२.२ अब्राहम मास्लोको उत्प्रेरणाको सिद्धान्त

सन् १९४३ म उत्प्रेरणको सिद्धान्त प्रतिपादन गर्ने अमेरिकी मनोवैज्ञानिक अब्राहम मास्लोले मानिसहरु आवश्यकताको श्रृंखलाबाट अभिप्रेरित हुने कुरा बताएका छन् । मानिस सन्तुष्ट हुनका लागि उसले खोजिरहेको कुनै मनोवैज्ञानिक अभाव उसको आवश्यकता हो र सो आवश्यकता पूरा गर्नका लागि मानव उत्प्रेरित हुने गर्दछ । त्यही आवश्यकता नै मानिसलाई कार्य गराउने उत्प्रेरक तत्व हो । त्यो उत्प्रेरक तत्व एकछिन अर्को श्रृंखलाबद्ध रुपमा रहेको हुन्छ । उनले आवश्यकताका चरणलाई पाँच भागमा प्रस्तुत गरेका छन् ।

**क. शारीरिक आवश्यकता** : यस अर्न्तगत खाना, पानी,सुरक्षा यौनजस्ता शारीरिक आवश्यकताहरु पर्दछन्, जुन मानवीय आधारभूत आवश्यकताहरु हुन् । अर्थात् मानिसलाई जीवनयापनका लागि खाना, लुगा, बस्ने वास आदिजस्ता आवश्यकताहरु प्रथम तहको

आवश्यकताहरु हुन् । यी आवश्यकता पूरा नभएका मानिसहरुलाई यिनै आवश्यकताहरुको पूर्ति गरेर कार्यसम्पादनप्रति उत्प्रेरित गर्न सकिन्छ भन्ने मान्यता मास्लोले राखेका छन् । एउटा मानिस जो अभावग्रस्त छ, उसका लागि मात्र शारीरिक आवश्यकता उत्प्रेरक बन्न सक्दछ । यस सम्बन्धी आवश्यकता पूरा भएपछि मात्र उसले अरु आवश्यकलाप्रति सोच्ने गर्दछ, अन्यथा यसै आवश्यकता परिपुर्तिका लागि नै काममा लागिरहन्छ । यस्ता आधारभूत आवश्यकताको परिपूर्ति पश्चात् मानिस अन्य आवश्यकता परिपुर्ति गर्न अग्रसर हुन्छ ।

**ख. सुरक्षा आवश्यकता :** मानिसलाई आधारभूत आवश्यकताको परिपूर्ति भएपछि सुरक्षा आवश्यकताको परिपूर्तिको लागि ऊ कार्य गर्न उत्प्रेरित हुन्छ । अर्थात् मानिसको शारीरिक आवश्यकताहरु पूर्ति भएपछि उसले डर, त्रास, खतरा आदिबाट मुक्त हुनको साथै सम्पत्ती, नोकरी आदिको पनि सुरक्षाको आवश्यकता महशुस गर्दछ । यसै आवश्यकतालाई सुरक्षा वा सुरक्षात्मक आवश्यकता भनिन्छ । विशेषगरी सुरक्षा आवश्यकता अन्तर्गत मानिस आफूलाई सुरक्षित पार्ने उपायहरु पर्दछन् । जस्तैः आफू संलग्न क्षेत्रमा आफ्नो अस्तित्वलाई सुरक्षित पार्ने, खतराबाट बच्ने उपाय आदि ।

**ग. सामाजिक आवश्यकता :** मानिसको शारीरिक र सुरक्षाको आवश्यकता परिपूर्ति भएपछि वा सन्तोषप्रद स्तरमा पुगेपछि ऊ आवश्यकताको अर्को स्तरमा पुग्दछ, जसलाई सामाजिक आवश्यकता भनिन्छ । मित्रता गाँस्ने, माया, स्नेह, प्रेम, समाजमा स्वीकार्य, सामाजिक संगठनमा संलग्न रहने आदिजस्ता कुराहरु सामाजिक आवश्यकता अन्तर्गत पर्दछन् । यस्ता आवश्यकताहरुबाट पनि मानिस अझ बढी सक्रियतापूर्वक कार्य गर्न उत्प्रेरित हुने गर्दछ ।

**घ. स्वभिमानको आवश्यकता :** मास्लोको आवश्यकता श्रृंखलाको चौथो तहमा स्वभिमानको आवश्यकता पर्दछ । जब मानिसमा शारीरिक, सुरक्षा तथा सामाजिक आवश्यकताहरु परिपूर्ति हुन्छन् तब उसले मानसम्मान, स्वाभिमान, पहिचान, स्थानको खोजी गर्न थाल्दछ र आफूले प्राप्त गरेको सफलता, सामाजिक कार्यप्रति गर्व गर्दै, आत्मसम्मान एवं सामाजिक प्रतिष्ठानको आवश्यकता महसु गर्दछ । जसलाई अहम वा स्वाभिमानको आवश्यकता भनिन्छ । मानिसमा अहमता बढ्नु पनि मानवीय स्वभाव नै हो । यस्ता आवश्यकता पूरा गर्नको लागि मानिसहरु जिम्मेवारीपूर्ण तरिकाले कार्य गर्न तत्पर हुन्छन् ।

**ङ. आत्म सन्तुष्टि आवश्यकता :** आत्म सन्तुष्टि आवश्यकता मानिसको आवश्यकता श्रृंखलाको चरमोत्कृष्ट चरण हो । जब मानिसका शारीरि, सुरक्षा, सामाजिक तथा अहम वा स्वाभिमानको आवश्यकता परिपूर्ति हुन्छ तब आवश्यकताको श्रृंखलाको चरमचुलीमा उसमा आत्मसन्तुष्टि, आत्मगौरव, आत्मबोध आदिको चाहना हुन्छ । जसलाई आत्म सनतुष्टि आवश्यकता भनिन्छ ।

उनले मानिसका आवश्यकतालाई एकपछि अर्को क्रमशः आउने कुरा बताएका छन् । जबसम्म मानिसले गाँस, बास र कपासको समस्या हल गर्न सक्दैन तबसम्म शिक्षा र स्वास्थ्यमा पुग्न सक्दैन् । अर्थात खान लाउन र बस्ने आवश्यकता पूरा नहुँदासम्म अन्य आवश्यकताले मानिस उत्प्रेरित हुन सक्दैन (कोइराला र श्रेष्ठ, २०६३:१४४) ।

## २.३ शैक्षिक उपादेयता

कुनै पनि अनुसन्धान अघि बढाउन सम्बनिधत सिद्धान्तको अवलम्वन गर्नुपर्ने हुन्छ । जसको कारणले गर्दा अनुसन्धानले सही मार्ग पहिल्याउन सक्दछ । पूर्व सम्बन्धित साहित्य एवं अनुसन्धानको अध्ययनबाट पत्ता लागेका कुराहरुलाई यस क्षेत्रमा सामान्यीकरण गर्न मद्दत मिलेको छ । यस शोधकार्यमा सम्बन्धित साहित्यको समिक्षात्मक विवरण प्रस्तुत गर्दा पाठहरुलाई उक्त विषयमा पहिले के कस्तो र कति अनुसन्धान भएको रहेछ भन्ने विषय समेत स्पष्ट हुने गर्दछ । यस अनुसन्धानमा सम्बन्धित साहित्यको पुनरावलोकनले अध्ययनलाई सहि मार्ग निर्देशन प्रदान गर्ने र निश्चित सिद्धान्त तय गर्न निर्देशन गरेको छ । अनुसन्धानको विषय शीर्षकलाई विषयान्तर हुनबाट बचाई शोधलाई क्रमबद्ध, उद्देश्यमूखी, संगठीत हुन सहयोग गरेको छ । यहि क्रममा सैद्धान्तिक विचलनलाई समेत जोगाउन सम्बन्धित साहित्यको पुनरावलोकनले सहयोग पुऱ्याउनु हुदा यसको शैक्षिक उपादेयता रहेको छ ।

# परिच्छेद तीन : अध्ययन विधि

परिच्छेद तीन अध्ययन विधि अन्तर्गत अनुसन्धानात्मक ढाँचा, अध्ययनको जनसंख्या तथा नमूना छनोट, तथ्याङ्क संकलनका साधनहरु, तथ्याङ्कका स्रोतहरु, तथ्याङ्क संकलन प्रक्रिया, तथ्याङ्क विश्लेषण प्रक्रिया राखिएको छ ।

## ३.१ अनुसन्धानात्मक ढाँचा

कुनैपनि अध्ययन अनुसन्धानलाई वस्तुगत, विश्वसनिय र परिणाममुखी बनाउन विभिन्न तथ्याङ्कको अनिवार्यता हुन्छ । तथ्याङ्क संकलनका लागि विभिन्न स्रोतहरु हुन्छन् । अनुसन्धान कार्यलाई आवश्यक पर्ने स्रोत एवम् तथ्याङ्क खोज्नको लागि निश्चित योजना र रणनीतिको आवश्यकता पर्दछ । यो अनुसन्धान मूखयत गुणात्मक एवं परिमाणत्मक ढाँचाको प्रयोग गरी मिश्रित ढाँचामा लिई सम्पन्न गरिएको छ । प्रत्येक सूचना जानकारी तथा तथ्याङ्कको व्याख्या र विश्लेषण गुणात्मक ढाँचाको भएता पनि परिमाणात्मक तथ्यबाट पुष्टि गरिएको छ । अनुसन्धान ढाँचालाई प्रभावकारी रुपमा प्रस्तुत गर्नको लागि मापनिय तथ्याङ्कलाई प्रतिशतमा व्याख्या गरिएको छ ।

## ३.२ अध्ययनको जनसंख्या तथा नमूना छनोट

### ३.२.१ अध्ययन क्षेत्र

अध्ययनको निर्धारित उद्देश्य पूरा गर्न नमूना छनोटका आधारमा रुपन्देही जिल्ला भैरहवा स्रोत केन्द्र अन्तर्गतका ४० वटा सामुदायिक विद्यालयहरु मध्ये १० वटा नि.मा.वि. हरुलाई अध्ययनको जनसंख्याको रुपमा छनोट गरिएको छ । अध्ययन गरिएका विद्यालयहरु खजहना नि.मा.वि., सि.न.पा. ५, नवदुर्गा नि.मा.वि. सि.न.पा. ४, जनता नि.मा.वि. चिल्हिया ३ कैलाशनगर, भैरहवा उ.मा.वि. सि.न.पा. ५ रुपन्देही लिलाराम न्यौपाने मा.वि., सि.नपा. ८, सु–संस्कृत मा.वि. सि.न.पा. १३ शान्तिनगर, पक्लिहवा मा.वि. सि.न.पा. १, बेलाहिया मा.वि. सिन.पा. १, चिल्हिया मा.वि. चिल्हिया ६, भानु मा.वि. सि.न.पा. ९ रहेका छन् ।

**तालिका १ : नमुना छनोट**

| क्र.स. | विवरण | जनसंख्या | छनौट विद्यालय | छनोट संख्या | जम्मा | प्रतिशत | छनोटको आधार |
|---|---|---|---|---|---|---|---|
| १ | प्रधानाध्यापक | ४० | १० | १ | १० | २५ | उद्देश्यमुखी |
| २ | शिक्षिका | ४० | १० | २ | २० | ५० | गोलाप्रथा |
| ३ | अभिभावक | ११० | १० | ४ | ४० | ३६.३६ | उद्देश्यमुखी |
| ४ | विद्यार्थी (छात्रा) | २०३६ | १० | ४ | ४० | १.९ | गोलाप्रथा |
| ५ | वि.व्य.स. अध्यक्ष | ४० | १० | १ | १० | २५ | उद्देश्यमुखी |
| ६ | स्रोत व्यक्ति | १ | १० | १ | १ | १०० | उद्देश्यमुखी |
| ७ | वि.नि. | १ | १० | १ | १ | १०० | उद्देश्यमुखी |
| ८ | वि.व्य.स. महिला सदस्य | ४० | १० | १ | १० | २५ | उद्देश्यमुखी |
| **जम्मा** | | २३०८ | | | १३२ | | |

भैरहवा स्रोत केन्द्र अर्न्तगतका छनोट गरिएका १० विद्यालयबाट सूचना प्राप्त गरी अनुसन्धानलाई सफल गराउन सुचना दातका रुपमा सम्बन्धित विद्यालयका प्र.अ., वि.व्य.स. अध्यक्ष, वि.व्य.स. महिला सदस्य, १/१ जनाका दरले ३०, स्रोत व्यक्ति र वि.नि. १/१ जनाका दरले २, विद्यालय जाने २० जना छात्रा र नजाने २० जना छात्रा गरी जम्मा ४० जना, विद्यालय जाने र नजाने छात्राका अभिभावक २/२ जनाको ४० जना गरी जम्मा १३२ जनालाई छनोट गरिएको छ ।

### ३.२.२ प्रधानाध्यापक

भैरहवा स्रोत केन्द्रको ४० वटा सामुदायिक विद्यालयका ४० जना प्रधानाध्यापक मध्ये नमूना छनोट गरिएका विद्यालयबाट १० जना प्र.अ.लाई उत्तरदाताको रुपमा छनोट गरिएको छ ।

.

### ३.२.३ विद्यालय व्यवस्थापन समिति

विद्यालय शिक्षक र विद्यार्थीहरुको व्यवस्थापनको जिम्मा वि.व्य.स. को हुने हुँदा विद्यालयको छात्र/छात्रहरुको सहभागिताको जानकारी वि.व्य.स. बाट प्राप्त गर्न सकिने हुँदा १० वटै नि.मा.वि.हरुका वि.व्य.स. अध्यक्षलाई छनोट गरिएको छ ।

### ३.२.४ अभिभावक

नि.मा.वि. तहमा छात्र छात्राहरुलाई विद्यालय अध्ययन गर्न पठाउने सम्बन्धी अभिभावकको दायित्य र चासोको विषय भएकोले बालबालिका सम्बन्धी केही जानकारी हासिल गर्न सकिने हुनाले विद्यालयसंग सम्बन्धित प्रत्येक नि.मा.वि. बाट २ जना विद्यालय जाने छात्राका अभिभावक र २ जना नजाने छात्राका अभिभावकलाई छनौट गरिएको छ ।

### ३.२.५ शिक्षिका

नि.मा.वि. मा छात्र र छात्राहरुको अवस्थाको बारेमा सम्बन्धित नि.मा.वि. शिक्षिकालाई सबै भन्दा बढि जानकारी हुने हुँदा १० वटै नि.मा.वि. बाट २ का दरले निम्न माध्यमिक तहमा शिक्षण गर्ने २० जना नि.मा.वि. शिक्षिकालाई छनौट गरिएको छ ।

### ३.२.६ विद्यार्थी

अनुसन्धान क्रममा विद्यालयको छात्र र छात्राहरुको अवस्थाको बारेमा विद्यार्थीहरुबाट पनि केही जानकारी लिन सकिने हुनाले १० वटै नि.मा.वि. बाट नि.मा.वि. तहमा अध्ययन गर्ने जाने प्रत्येक विद्यालयबाट २ जना छात्रा र प्रत्येक विद्यालयबाट नि.मा.वि. तह अध्ययन गर्न छाडेका २ जना छात्रालाई पनि छनौट गरी प्रत्येक विद्यालयबाट ४ जनाको दरले छात्रा छनौट गरिएको छ ।

### ३.२.७ स्रोत व्यक्ति

अध्ययन र अनुसन्धान कार्यको लागि थप सहयोग पुग्ने हुनाले सम्बन्धित स्रोत केन्द्रको स्रोत व्यक्तिलाई पनि छनोट गरिएको छ ।

### ३.२.८ विद्यालय निरीक्षक

अनुसन्धान कार्यलाई थप सहयोग पुऱ्याउन सम्बन्धित क्षेत्रका एक जना वि.नि. लाई पनि छनोट गरिएको छ ।

## ३.३ तथ्याङ्क संकलनका साधन

यस अनुसन्धान कार्यलाई व्यवस्थित र परिणाममुखी बनाउन निम्नलिखित तथ्याङ्क संकलनका साधनहरुको प्रयोग गरिएको छ ।

### क. सर्वेक्षण फारम

विद्यालयमा विद्यार्थीको शैक्षिक, भौतिक एवं सामाजिक अवस्थाको जानकारी प्रदान गर्ने उद्देश्यले विद्यालय सर्वेक्षण फारम प्रयोगमा ल्याइएको छ । (हेर्नुस्, परिशिष्ठः ७)

### ख. अन्तरवार्ता प्रश्नावली

भविष्यमा अपनाउने सुधारको लागि सुझाव सुझाउने उद्देश्य प्राप्तिको लागि प्र.अ. शिक्षिका, विद्यार्थी, अभिभावक, स्रोत व्यक्ति तथा महिला वि.व्य.स. पदाधिकारी, वि.नि. लाई अलग–अलग प्रश्नावलीको आधार बनाई, अलग – अलग अर्न्तवार्ताको आधारमा तथ्याङ्क संकलन गरिएको छ । (हेर्नुस्, परिशिष्टः १–६)

## ३.४ तथ्याङ्कका स्रोत

### क. प्राथमिक स्रोत

अध्ययनकर्ताबाट नै प्रत्यक्ष अवलोकन गरी तथ्याङ्क संकलन गरिने तथ्याङ्कनै बढी विश्वसनिय हुने हुँदा अध्ययनकर्ताबाट प्राथमिक स्रोतलाई नै बढी जोड दिइएको छ । अध्ययनकर्ताबाट प्रयोगमा ल्याइएका प्राथमिक स्रोतमा छनोटमा परेका नि.मा.वि. का छात्रा, नि.मा.वि. शिक्षिका, प्र.अ., अभिभावक, वि.व्य.स. महिला सदस्य, स्रोत व्यक्ति र वि.नी. लाई लिइएको छ ।

**ख. द्वितीय स्रोत**

अध्ययनकर्ता द्वारा प्रयोगमा ल्याइएका द्वितीय स्रोतहरुमा विद्यालयका विद्यालय सुधा योजना, शैक्षिक तथ्याङ्क तथा अन्य पुस्तकहरु रहेका छन् ।

## ३.५ तथ्याङ्क संकलन प्रक्रिया

यस अध्ययनको लागि अनुसन्धानकर्ता स्यवंम नमुना छनोट विद्यालयमा उपस्थित भई सम्बन्धित विद्यालयका प्र.अ. महिला शिक्षिका विद्यार्थी, अभिभावक स्रोत व्यक्ति, वि.नि., वि.व्य.स. पदाधिकारीहरुसंग अन्तर्वार्ता र प्रश्नावलीको माध्यमबाट अध्ययनको उद्देश्य प्राप्त गर्नको लागि प्राथमिक तथ्याङ्क संकलन गरिएको छ भने स्थलगत सर्वेक्षण, विद्यालयको अभिलेखहरु तथा सन्दर्भ स्रोतबाट द्वितीय तथ्याङ्कका सुचनाहरु संकलन गरिएको छ ।

## ३.६ तथ्याङ्क व्याख्या तथा विश्लेषण प्रक्रिया

यस अध्ययन कार्यलाई पूर्णता दिनको लागि संकलित तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरिएको छ । तालिकिकरण गरिएका तथ्याङ्कलाई तथ्याकिय सुत्र प्रयोग गरी प्रतिशतमा संख्यात्मक रुपमा भएता पनि विश्लेषणलाई व्याख्यात्मक रुपमा प्रस्तुत गरिएको छ ।

# परिच्छेद चार : तथ्याङ्कको व्याख्या तथा विश्लेषण

यस अनुसन्धानलाई उपलब्धिमूलक, निष्कर्षपूर्ण तथा उपयोगी बनाउन अध्ययनको क्रममा निर्धारण गरिएका विभिन्न तथ्याङ्क संकलनका साधनहरुको प्रयोग गरी संकलन गरिएका प्राथमिक तथा द्वितीय स्रोतका तथयाङ्कको ठोस रुपमा व्याख्या तथा विश्लेषण गर्दा शोध अध्ययनको आवश्यकता र औचित्यता स्पष्ट पार्न मद्दत पुग्दछ । तथ्याङ्कहरुको सही व्याख्या र विश्लेषण हुन नसक्दा समस्याहरुको सहि पहिचान गर्न नसकी समाधानका उपायहरु सुझाउन कठिनाई उत्पन्न हुन जान्छ । त्यस कारण तथ्याङ्कको व्याख्या र विश्लेषण कार्यलाई तार्किक ढंगले गर्न प्र.अ., महिला शिक्षिका, वि.व्य.स. महिला सदस्य, विद्यालय जाने र नजाने छात्राहरु, विद्यालय जाने र नजाने छात्राका अभिभावक, स्रोत व्यक्ति, वि.नि., विद्यालयमा रहेका अभिलेखहरुबाट संकलन गरिएका धारणाहरु, सुझावहरु र उत्तरदाताबाट प्राप्त सूचनालाई तथ्याङ्क विश्लेषणको मूख्य आधारको रुपमा लिइएको छ ।

यस अध्ययनको उद्देश्य प्राप्तिका लागि विभिन्न साधनहरुको प्रयोग गरी प्राप्त हुन आएको तथ्याङ्क तथा सूचनालाई उद्देश्यको क्रम अनुरुपमा शीर्षक विभाजन गरी व्याख्या र विश्लेषण निम्न अनुसार गरिएको छ ।

**४.१ छात्रा सहभागिताको अवस्था**

**४.२ छात्रा सहभागितामा प्रभाव पार्ने तत्व**

**४.३ छात्रा सहभागिता वृद्धि गर्ने उपायहरु**

## ४.१ छात्रा सहभागिताको अवस्था

सामुदायिक विद्यालयको नि.मा.वि. तहको छात्राको शैक्षिक सहभागितालाई स्पष्ट पार्न विद्यालयगत भर्ना स्थिति, कक्षागत रुपमा छात्राहरुको भर्ना अवस्था, छात्राहरुको जातीगत भर्ना अवस्था, छात्राहरुको उत्तीर्ण अवस्था, विचमै कक्षा छाड्ने छात्राहरुको अवस्थालाई आधार मानि कक्षा ६,७,८ का नि.मा.वि. तहमा अध्ययन गर्ने छनोटमा परेका १० वटा सामुदायिक

विद्यालयका छात्राहरुको शै.स. २०६६ साल र २०६७ सालको तथ्याङ्कलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ४.१.१ छात्राको भर्ना स्थिति

निम्नमाध्यमिक तहमा छात्राहरुको शैक्षिक सहभागिताको् अवस्था पहिचान गर्न छात्र र छात्राको शैक्षिक स्तर पहिचान गर्न, शैक्षिक सत्र २०६६ र २०६७ को कक्षा ६,७,८ को विद्यार्थी भर्ना विवरणलाई विद्यालयगत रुपमा निम्न अनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २ : कक्षागत विद्यार्थी भर्ना-२०६६**

| क्र.स | विद्यालयको नाम | कक्षा ६ | | कक्षा ७ | | कक्षा ८ | | जम्मा संख्या | | जम्मा भर्ना विद्यार्थी | जम्मा ( प्रंतिशतमा) | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | | छात्रा | छात्र |
| १ | खजहला नि.मा.वि | २७ | २६ | २२ | २४ | २० | २२ | ६९ | ७२ | १४१ | ४८.९ | ५१.१ |
| २ | नवदुर्गा नि.मा.वि | २५ | ३० | २० | २५ | २० | ३० | ६५ | ८५ | १५० | ४३.३३ | ५६.६७ |
| ३ | जनता नि.मा.वि. | २५ | ३५ | २० | ३० | ८ | १८ | ५३ | ८३ | १३६ | ३९ | ६१ |
| ४ | भैरहवा उ.मा.वि | ४० | ४२ | ४० | ४५ | ४५ | ४६ | १२५ | १३३ | २५८ | ४८.४५ | ५१.५५ |
| ५ | रुपन्देही लिलाराम न्यौपाने उ.मा.वि. | ५० | ४० | ५० | ४८ | ६० | ६५ | १६० | १५० | ३१३ | ५१.१ | ४८.९ |
| ६ | सु.संस्कृत मा.वि. | ३० | २७ | ४० | ४१ | ६५ | ६० | १३५ | १२८ | २६३ | ५१.३४ | ४८.६६ |
| ७ | पक्लिहवा मा.वि. | ५० | ६० | ४० | ४५ | ४० | ४२ | १३० | १४७ | २७७ | ४७ | ५३ |
| ८ | वेलाहिया मा.वि. | १० | १४ | १५ | २० | १० | १४ | ३५ | ४८ | ८३ | ४२.१७ | ५७.८३ |
| ९ | चिल्लिहला मा.वि. | ३५ | ४५ | २० | ३० | २४ | ३२ | ७९ | १०७ | १८६ | ४२.४७ | ५७.५३ |
| १० | भानु मा.वि. | ३० | २५ | ४२ | ३२ | ५० | ३० | १२२ | ८७ | २०९ | ५८.३८ | ४१.६२ |
| जम्मा | | ३२२ | ३४४ | ३०९ | ३४० | ३४२ | ३५९ | ९७३ | १०४३ | २०१६ | ४८.२७ | ५१.७३ |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८

तालिका २ को अध्ययन गर्दा भैरहवा स्रोतकेन्द्रका १० वटा नि.मा.वि. तहमा शैक्षिक सत्र २०६६, मा कुल भर्ना विद्यार्थी २०१६ मध्ये छात्र तर्फ १०४३ (५१.७३%) र छात्रा तर्फ ९७३ (४८.२७%) विद्यार्थी भर्ना भएका थिए । समग्र तथ्याङ्कलाई अध्ययन गर्दा जनता नि.मा.वि. चिल्हिया र बेल्हिया मा.वि. मा छात्र भर्ना प्रतिशत क्रमश ६१५ र ५७.८३% रहेको तथ्याङ्कले देखाउँछ । २०६६ साल जनता नि.मा.वि. चिल्हिया र भानु नि.मा.वि., सि.न.पा.-९ मा क्रमश ३९९ मा क्रमश ३९% र ५८.३८% छात्रा भर्ना भएका छन् । अन्य विद्यालयहरुको छात्र र छात्राको भर्ना अवस्थामा त्यति ठुलो भिन्नता देखिदैन । शैक्षिक सत्र २०६६, मा भैरहवा स्रोतकेन्द्रका विद्यालयमा छात्रहरुको सहभागिता न्युन हुनुबाट नि.मा.वि. तहको उमेर भएका छात्राहरु अझैपनि विद्यालयको पहुँचबाट टाढा रहेको तथ्य स्पष्ट हुन्छ ।

**तालिका ३ : कक्षागत विद्यार्थी भर्ना-२०६७**

| क्र.स | विद्यालयको नाम | कक्षा ६ | | कक्षा ७ | | कक्षा ८ | | जम्मा संख्या | | जम्मा भर्ना विद्यार्थी | जम्मा ५ मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | | छात्रा | छात्र |
| १ | खजहना नि.मा.वि. | ३० | २५ | २२ | २१ | २२ | १४ | ७४ | ६० | १३४ | ५५.२२ | ४४.७८ |
| २ | नवदुर्गा नि.मा.वि. | २३ | ३४ | ३० | ३४ | १३ | ३९ | ६५ | ८५ | १५० | ४३.३३ | ५६.६७ |
| ३ | जनता नि.मा.वि. | ३० | ४० | २५ | ३५ | १० | २० | ६५ | ९५ | १६० | ४०.६२ | ५९.३८ |
| ४ | भैरहवा उ.मा.वि | ४७ | ४९ | ४१ | ४६ | ५० | ५१ | १३८ | १४६ | २८४ | ४८.६ | ५१.४ |
| ५ | रुपन्देही लिलाराम न्यौपाने उ.मा.वि. | ६१ | ४० | ५४ | ४८ | ६१ | ७० | १७६ | १५८ | ३३४ | ५२.७ | ४७.३३ |
| ६ | सु.संस्कृत मा.वि. | ३५ | ३२ | ४४ | ४१ | ७० | ६१ | १४९ | १३४ | २८३ | ५२.६५ | ४७.३५ |
| ७ | पक्लिहवा मा.वि. | ५२ | ६५ | ४३ | ४९ | ४१ | ४४ | १३६ | १५८ | २९४ | ४६.२६ | ५३.७४ |
| ८ | वेलाहिया मा.वि. | ११ | १४ | १८ | १६ | १२ | ११ | ४१ | ४१ | ८२ | ५० | ५० |
| ९ | चिल्हिया मा.वि. | ३९ | ४५ | २३ | ३८ | २५ | ३५ | ८७ | ११८ | २०५ | ४२.४४ | ५७.५६ |
| १० | भानु मा.वि. | ३४ | २८ | ४८ | ३५ | ६४ | ३४ | १४६ | १०६ | २५२ | ५७.९४ | ४२.०६ |
| | जम्मा | ३६१ | ३४२ | ३४८ | ३६३ | ३६८ | ३७९ | १०७७ | १०८४ | २१६१ | ४९.८३ | ५०.१७ |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८

तालिका ३ को अध्ययन गर्दा भैरहवा स्रोतकेन्द्रका १० वटा नि.मा.वि. तहमा शैक्षिक सत्र २०६७, मा कुल भर्ना विद्यार्थी २१६१ मध्ये छात्र तर्फ १०८४ (५०.१७%) र छात्रा तर्फ १०७७ (४९.८३%) विद्यार्थी भर्ना भएका थिए ।

समग्र तथ्याङ्कलाई अध्ययन गर्दा नवदुर्गा नि.मा.वि. सि.न.पा. ४ र जनता नि.मा.वि. चिल्हियामा छात्रा भर्ना क्रमश ४३.३३% र ४०.६२% रहेको तथ्याङ्कले देखाउँछ । २०६७ सालमा नवदुर्गा नि.मा.वि. सि.न.पा. ४ र जनता नि.मा. वि. चिल्हियामा क्रमश ५६.६७% र ५९.३८% छात्र भर्ना भएका थिए । यी दुवै विद्यालयहरुको भैरहवाको मुल शहरको केन्द्र मानिने बैंकरोड देखि केही टाढा ग्रामिण पृष्ठभुमि भएका इलाकामा पर्ने विद्यालय भएकोले यस्तो भएको हुनसक्छ । भैरहवा शहरको केन्द्रदेखि छेउछाउको वातावरणमा छात्राहरुको शैक्षिक सहभागिता न्युन देखिन्छ किन भने ती विद्यालयमा मधेशी, दलित र जनजातिको बाहुल्यता रहेको छ । अन्य विद्यालयहरुको छात्र र छात्राको भर्नाको अवस्थामा ठुलो भिन्नता देखिदैन ।

शैक्षिक सत्र २०६६ मा भन्दा २०६७ मा भैरहवा स्रोतकेन्द्रको अध्ययन गरिएका १० वटा नि.मा.वि. हरुमा छात्राहरुको भर्ना ४८.२७% बाट बढेर ४९.८३% पुगेको तथ्यबाट नि.मा.वि. तहमा सामुदायिक विद्यालयमा छात्रा सहभागिता बढ्दै गइरहेको तथ्य स्पष्ट हुन आउछ ।

### ४.१.२ कक्षागत रुपमा छात्राहरुको भर्ना अवस्था

अध्ययन क्षेत्रमा कक्षा ६ देखि ८ सम्म भर्ना भएका छात्राहरुको शैक्षिक सहभागितालाई स्पष्ट पार्न कक्षागत रुपमा तिनीहरुको भर्ना विवरणलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका ४ : छात्राहरुको कक्षागत भर्ना स्थिति**

| साल | २०६६ | | | २०६७ | | |
|---|---|---|---|---|---|---|
| कक्षा | जम्मा भर्ना संख्या | छात्रा भर्ना संख्या | छात्रा भर्ना प्रतिशत | जम्मा भर्ना संख्या | छात्रा भर्ना संख्या | छात्रा भर्ना प्रतिशत |
| ६ | ६६६ | ३२२ | ४८.३४ | ७०३ | ३६१ | ५१.३५ |
| ७ | ६४९ | ३०९ | ४७.६ | ७११ | ३४८ | ४८.९५ |
| ८ | ७०१ | ३४२ | ४८.७९ | ७४७ | ३६८ | ४९.२६ |
| **जम्मा** | २०१६ | ९७३ | ४८.२६ | २१६१ | १०७७ | ४९.८३ |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८

माथिको तालिका अनुसार शै.स. २०६६ मा भर्ना भएका कुल विद्यार्थी २०१६ मध्ये छात्राहरु ४८.२६ प्रतिशत छात्राको संख्या रहेको छ । कक्षागत रुपमा हेर्दा शै.स. २०६६ मा कक्षा ६ मा ४८.३४ प्रतिशत, कक्षा ७ मा ४७.६ प्रतिशत, कक्षा ८ मा ४८.७९ प्रतिशत छात्राहरु भर्ना भएका छन् । त्यस्तै गरी शै.स. २०६७ सालमा भर्ना भएका कुल विद्यार्थी २१६१ मध्ये छात्राहरु ४९.८३ प्रतिशत रहेका छन् । कक्षागत रुपमा हेर्दा २०६७ सालमा कक्षा ६ मा ५१.३५ प्रतिशत, कक्षा ७ मा ४८.९५ प्रतिशत प्रतिशत र कक्षा ८ मा ४९.२६ प्रतिशत छात्राहरु भर्ना भएका छन् । माथिको तथ्याङ्कको अध्ययन गर्दा २०६६ सालमा भन्दा २०६७ सालमा प्रत्येक कक्षा ६,७ र ८ मा छात्राभर्नादर क्रमशः बढ्दै गएको पाइन्छ । माथिको तथ्याङ्कको अध्ययनले छात्रको तुलनामा छात्राहरुको संख्या बढ्दै गएको पाइन्छ । तथापी अझै पनि धेरै संख्यामा छात्राहरु विद्यालयमा सहभागी भइरहेका छैनन् ।

### ४.१.३ छात्राहरुको जातिगत भर्ना अवस्था

अध्ययन क्षेत्रमा विभिन्न जातिका छात्राहरु भएता पनि तिनीहरुलाई मूख्य रुपमा दलित, जनजाति र अन्य गरी ३ भागमा वर्गीकरण गरी ति जातिहरुका छात्राहरुको भर्नाको अवस्थालाई स्पष्ट पार्न खोजिएको छ ।

**तालिका ५ : छात्राहरुको जातिगत भर्ना अवस्था**

| साल<br>जाति | २०६६ | | | २०६७ | | |
|---|---|---|---|---|---|---|
| | कुल भर्ना संख्या | छात्रा भर्ना संख्या | छात्रा भर्ना प्रतिशत | कुल भर्ना संख्या | छात्रा भर्ना संख्या | छात्रा भर्ना प्रतिशत |
| **दलित** | ३२४ | १६८ | ८.३३ | ३४० | १८४ | ८.५ |
| **जनजाति** | १०८८ | ५०३ | २४.९५ | ११८० | ६४० | २९.६३ |
| **अन्य** | ६०४ | ३०२ | १४.९८ | ६४० | २५३ | ११.७ |
| **जम्मा** | २०१६ | ९७३ | ४८.२७ | २१६१ | १०७७ | ४९.८३ |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८

माथिको तालिका अनुसार शैक्षिक सत्र २०६६ मा नि.मा.वि. तहमा कुल भर्ना भएका २०१६ विद्यार्थी मध्ये ८.३३ प्रतिशत दलित छात्रा, २४.९५ प्रतिशत जनजाति छात्रा र १४.९८ प्रतिशत

अन्य जातिका छात्राहरु भर्ना भएका छन् । त्यस्तै गरी शैक्षिक सत्र २०६७ मा नि.मा.वि. तहमा कुल भर्ना भएका २१६१ विद्यार्थी मध्ये ८.५ प्रतिशत दलित छात्रा, २९.६३ प्रतिशत जनजाति छात्रा र ११.७ प्रतिशत अन्य जातिका छात्रा भर्ना भएका छन् । माथिको तथ्याङ्कको अध्ययन गर्दा नि.मा.वि. तहमा दलित जातिका र अन्य जातिका छात्राहरुको तुलनामा जनजाति छात्राहरुको भर्नादर बढि पाइन्छ । शैक्षिक सत्र २०६६ मा भन्दा २०६७ सालमा दलित र जनजातिका छात्राहरुको भर्नादर क्रमश बढेको पाइन्छ । सरकारी र गैर सरकारी संघ संस्थाले दलित र जनजाति छात्रालाई दिने गरेका छात्रवृत्ति, आर्थिक सहयोग र अन्य सुविधाले गर्दा यस्तो हुन गएको हो । अन्य जातिका छात्राहरुको भर्नादर शै.स. २०६६ मा १४.९८ प्रतिशतबाट घटेर ११.७ प्रतिशतमा झरेको छ । यसो हुनुमा अन्य जातिका छात्राहरुको आर्थिक सम्पन्नता र संस्थागत विद्यालय प्रतिको अभिभावकको आकर्षणले गर्दा त्यस्तो हुन गएको कुरा सर्वेक्षणबाट प्राप्त भएको छ ।

### ४.१.४ कक्षा उत्तीर्ण छात्राहरुको अवस्था

माथिका तथ्याङ्कबाट शैक्षिक सत्र २०६६ मा भन्दा शैक्षिक सत्र २०६७ मा निम्न माध्यमिक तहमा छात्राहरुको भर्ना संख्या बढेको देखिन्छ । विद्यालयमा भर्ना भएका सम्पूर्ण छात्राहरु अन्तिम परिक्षामा सम्मिलित हुदैन उनीहरु विभिन्न कारणले गर्दा विचमै कक्षा छाड्छन् जसले गर्दा राष्ट्रले ठुलो क्षति व्यहोर्नु पर्छ । अन्तिम परीक्षामा सम्मिलित भएका छात्राहरु मध्ये सबै कक्षा उत्तिर्ण हुन सक्दैन (हेर्नुहोस् परिशिष्ट ७ र ८) ।

परिशिष्ट ७ अनुसार शैक्षिक सत्र २०६६ साल नि.मा.वि. तहको अन्तिम परीक्षामा सम्मिलित भएका कुल ८९० छात्रा मध्ये ७३० (८२.०२%) ले मात्र अन्तिम परीक्षा उत्तिर्ण गरेका छन् । परिशिष्ट ८ अनुसार २०६७ मा १००७ मध्ये ८८० (८७.३८ प्रतिशत) ले अन्तिम परीक्षा उत्तीर्ण गरेका छन् । शैक्षिक सत्र २०६६ र २०६७ को छात्राहरुको कक्षा उत्तीर्ण दर तुलना गर्दा २०६६ मा भन्दा २०६७ सालमा कक्षा उत्तीर्णदर लगभग ५.३६ प्रतिशतले बढेको तथ्याङ्कले देखाउँछ ।

### ४.१.५ बिचमै कक्षा छाड्ने छात्राहरुको स्थिति

नि.मा.वि. तहमा भर्ना भएका सम्पूर्ण विद्यार्थीहरु परीक्षामा सम्मिलित हुँदैनन केही छात्राहरु घरायसी कारणले कक्षामा अनुत्तीर्ण भएर वा विहे भएर पनि कक्षा छाड्ने गरेको पाइन्छ (हेर्नुहोस् परिशिष्टः १० र ११) ।

अध्ययन क्षेत्रमा शैक्षिक सत्र २०६६ का कक्षा ६,७,८ मा भर्ना भएका क्रमशः ३२२,३०९,३२४ छात्रा मध्ये कक्षा ६,७,८ मा कक्षा छाड्ने छात्राहरु क्रमशः ३२, (९.९४%), १९ (६.१४%), ३२ (९.४%) ले कक्षा छाडेको तथ्याङ्क प्राप्त भयो । त्यस्तै शैक्षिक सत्र २०६७ का कक्षा ६,७,८ मा भर्ना भएका क्रमशः ३६१, ३४८, ३६८ छात्राहरुमध्ये कक्षा ६,७ र ८ मा कक्षा छाड्ने छात्रा क्रमशः २७ (७.५%), २० (५.७%), २९ (७.९%) ले कक्षा छाडेको देखिन्छ । शैक्षिक सत्र २०६६ र शैक्षिक सत्र २०६७ को कक्षा छाड्ने दरलाई तुलनात्मक अध्ययन गर्दा २०६६ सालको कक्षा छाड्नेदर ८.५३% भएकोमा २०६७ सालमा ६.५% भएकोले कक्षा छाड्नेदर २०६७ सालमा २.०३ % प्रतिशतले घटेको पाइन्छ ।

## ४.२ छात्रा सहमागितामा प्रभाव पार्ने तत्व

अध्ययन क्षेत्र भित्र रहेका १० वटा नि.मा.वि. का प्र.अ. महिला शिक्षिका, विद्यालय जान छाडेका छात्राका अभिभावक, विद्यालय जाने र नजाने छात्रा, वि.व्य.स. महिला सदस्यसँग अन्तवार्ता, प्रश्नावली, प्रयोग गरी नि.मा.वि. तहमा छात्राहरुको शैक्षिक सहभागिताको बारेमा जानकारी लिएको छ ।

मेरी पार्कर फोलेटको मानव सम्बन्ध सिद्धान्तले भने झैं छोरीलाई छोरा समान मानविय व्यवहार गर्न नसकेर उनीहरुमा शिक्षा ग्रहण गर्न व्यवधान उत्पन्न भएको कुरालाई नकार्न सकिन्छ । कार्ल मार्क्सको महिलाबादी सिद्धान्त अनुसार पुरुष प्रधान समाजले महिला माथि गरिने विभिन्न किसिमका दमन, उत्पीडन र शोषणले गर्दा पनि छात्राहरुको शिक्षामा सहभागिता न्यून हुन जानुलाई स्वाभाविक नै मान्नुपर्छ । नि.मा.वि. तहमा छात्रा सहभागितामा प्रभाव पार्ने तत्वलाई निम्नअनुसार उल्लेख गरिएको छ :

**क) विद्यालय सँग सम्बन्धी तत्व**

विद्यालय संग सम्बन्धित तत्वहरुमा जनचेतना मूलक कार्यक्रम, सरकारी नीति नियम र छात्रा प्रोत्साहन, सुरक्षा व्यवस्था, महिला शिक्षिकाको नियुक्ति, विद्यार्थी मूल्याङ्कन, कक्षा क्रियाकलाप र अतिरिक्त क्रियाकलापमा छात्रा सहभागिता, पुरुष शिक्षकको छात्रा प्रतिको व्यवहार, पाठ्यक्रम सम्बन्धी पक्षलाई निम्नानुसार उल्लेख गरिएको छ हेर्नुहोस्, परिशिष्टः ९ ।

**१. जनचेतना मूलक कार्यक्रम**

एउटा पुरुष शिक्षित भए उ एक्लै शिक्षित हुन्छ र एकजना महिला शिक्षित भइन भने उसको सबै परिवार शिक्षित हुन्छन् । विद्यालयमा सञ्चालन हुने विविध जनचेतना मूलक कार्यक्रम जस्तै घरदैलो कार्यक्रम, विद्यालय स्वागत कार्यक्रम, अभिभावक भेला, वार्षिक उत्सव, विद्यालय एवम् अभिभावक बीच हुने अन्तक्रिया महिला शिक्षा सम्बन्धी जनचेतना मूलक कार्यक्रमले जनताहरुमा चेतना आई शिक्षामा महिला सहभागिता बृद्धि हुने कुरामा परिशिष्ट ९ मा उल्लेख भएअनुसार शत प्रतिशत प्र.अ., वि.व्य.स. महिला सदस्य र महिला शिक्षिका ७५ प्रतिशत विद्यालय जाने/छाडेका छात्राका अभिभावकले सकारात्मक प्रभाव पार्ने कुरा बताएको पाइयो ।

**२. सरकारी निति नियम र छात्रा प्रोत्साहन**

सरकारी निति नियम छात्राहरुलाई विद्यालयमा आकर्षित गर्ने खालको हुनुपर्छ । आवश्यक सबै छात्राहरुलाई छात्रावृत्तिको व्यवस्था, निशुल्क पाठ्यपुस्तक विद्यालय पोशक आदिको व्यवस्था गर्न सकेमा छात्रा सहभागिता बढ्न सक्ने कुरामा शत प्रतिशत प्र.अ., महिला शिक्षिका र वि.व्य.स. महिला सदस्य, विद्यालय जाने छात्रा र विद्यालय छाडेका छात्राका अभिभावक, ५० प्रतिशत विद्यालय छाडेका छात्राले बताए ।।

**३. सुरक्षा व्यवस्था**

विद्यालयमा शौचालय र छात्रावासको व्यवस्था, छात्रा चमेना गृह, छात्रद्धारा जिस्काउने र हेप्ने प्रवृति कम गरी सुरक्षाको भावना वृद्धि भएमा विद्यालय जान छात्राहरु उत्प्रेरित हुने कुरामा शत प्रतिशत, प्र.अ., महिला शिक्षिका, वि.व्य.स. महिला सदस्य, विद्यालय छाडेका छात्राका

अभिभावक, र विद्यालय जाने छात्रा, ७५ प्रतिशत विद्यालय जाने छात्राका अभिभावक र विद्यालय छाडेका छात्राहरु सकारात्मक देखिए ।

**४. महिला शिक्षिकाको नियुक्ति**

पुरुष प्रधान समाजमा पुरुष स्वार्थी हुन्छ । एउटा महिलाले मात्र अर्को महिलाको पिडा बोध गर्न सक्छिन । विद्यालय महिला शिक्षिकको नियुक्तिले पनि छात्राको भर्नामा प्रभाव पार्ने कुरा महिला शिक्षिका, अभिभावक र छात्रासंग लिएका अन्तर्वाताबाट स्पष्ट भयो । विद्यालयमा महिला शिक्षिका हुदाँ छात्राहरुले आफुलाई बढी सुरक्षित भएको महसुस गर्ने गरेको पाइयो । विद्यालय जाने ७५ प्रतिशत, विद्यालय छाडेका शत प्रतिशत छात्राहरु, प्र.अ. महिला शिक्षिका र वि.व्य.स. महिला सदस्यले सहभागिता बढाउन विद्यालयमा महिला शिक्षिका चाहिने कुरा बताएको पाइयो ।

**५. विद्यार्थी मूल्याङ्कन**

विद्यालयमा हुने विद्यार्थी मूल्याङ्कनले पनि छात्रा भर्नामा प्रभाव पार्ने कुरा शतप्रतिशत प्र.अ. र महिला शिक्षिका, ५० प्रतिशत विद्यालय जाने छात्राका अभिभावक र वि.व्या.स. महिला सदस्यले बताए । यदी कक्षा ५ मा अनुर्तीण हुने छात्राहरुमध्ये कहिले विद्यालय जानै छाडिदिन्छन् । विद्यालयमा कक्षोन्नति निति कठोर छ भने उदारनिति भएको खण्डमा छात्रा भर्ना बृद्धि गर्न सकिन्छ भन्ने कुरा पाइयो ।

**६. कक्षा क्रियाकलाप र अतिरिक्त क्रियाकलापमा छात्रा सहभागिता**

विद्यालयमा कक्षा क्रियाकलाप जस्तैः कक्षाकार्य, गृहकार्य र अतिरिक्त क्रियाकलापमा रुचि पूर्वक भाग नलिने छात्राहरु अन्य साथीहरुसंग पनि घुलमिल हुन नसक्ने, शिक्षक शिक्षिकासंग पनि नजिकिन नचाहने वा नसक्ने हुन्छन् । यसले गर्दा उनीहरुको सिकाई उपलब्धीमा पनि ह्रास आएर विस्तारै पढाई प्रति नै रुची घट्न गएको पाइयो । कक्षा क्रियाकलाप र अभिरिक्त क्रियाकलापमा सहभागी हुन नसक्नुमा घरायसी र व्यक्तिगत समस्या पनि हुन्छन् । विद्यालयमा गरिने अतिरिक्त क्रियाकलाप हाजिरी जवाफ प्रतियोगिता, हिज्जे, निबन्ध, खेलकुद, नृत्य आदि कार्यक्रमले विद्यार्थीको प्रतिभालाई प्रस्फुटन गर्न सहयोग पुऱ्याउनछन् । कक्षा क्रियाकलापमा

कम सक्रिय हुने छात्रा कक्षामा फेल भई पढाई छोड्न सक्छन् । कक्षा क्रियाकलाप र अतिरिक्त क्रियाकलापमा विद्यालयमा छात्राहरुको सहभागिता बढ्न जान्छ भनि ठोकुवा गर्नेहरुमा शत प्रतिशत प्र.अ., महिला शिक्षिका र विद्यालय जाने छात्राका अभिभावक र वि.व्य.स. महिला सदस्य ५० प्रतशित, ७५ प्रतिशत विद्यालय जाने छात्राहरु रहेको पाइयो ।

### ७. पुरुष शिक्षकको छात्रा प्रतिको व्यवहार

पुरुष प्रधान समाजमा पुरुष शिक्षकले एउटा छात्रा (महिला) लाई बढी नै हेपेर कक्षामा व्यवहार गर्न सक्छ । पुरुष शिक्षकसंग छात्राहरुले सबै कुराहरु सोध्न लाज र डर मान्ने हुन्छन् । त्यसैले पुरुष शिक्षकको छात्राहरुलाई सकारात्मक व्यवहार भएमा छात्राहरुको सहभागितामा बढ्न जान्छ भन्नेहरुमा शत प्रतिशत प्र.अ., ७५ प्रतिशत महिला शिक्षिका, ५० प्रतिशत विद्यालय जाने छात्राहरु र विद्यालय छाडेका छात्राहरुले पुरुष शिक्षकद्वारा आफुमा यौनजन्य व्यवहार त हुने होइन भन्ने डर छात्राहरुमा रहिरहने कुरा सहभागीहरुले बताए ।

### ८. पाठ्यक्रम सम्बन्धी पक्ष

वर्तमान पाठ्यक्रम वेरोजगारहरुको भिड जम्मा गर्ने एउटा साधन बन्न पुगेको छ । यदि पाठ्यक्रम व्यवसायिक सिपमूलक, व्यवहारिक र वास्तविक परिवेशमा मेल खाने खालको भएमा छात्राहरुको आकर्षण बढ्न गई उनीहरुको शैक्षिक सहभागिता बढ्नुको साथै शैक्षिक उपलब्धीमा पनि सुधार आउन सक्छ भन्ने कुरा शत प्रतिशत प्र.अ., वि.व्य.स. महिला सदस्य, महिला शिक्षिका र विद्यालय छाडेका छात्राका अभिभावक, विद्यालय जाने र छाडेका छात्राहरुले बताए ।

### ख) पारिवारिक तत्व

छात्रा सहभागितामा प्रभाव पार्ने पारिवारिक तत्वमा परिवारको आकार र ढाँचा, आमाबावुको शैक्षिक अवस्था, आमाबाबुको अपसी सम्बन्धलाई तल निम्न अनुसार प्रस्तुत गरिएको छ ।

**१. परिवारको आकार र ढाँचा**

सरोकार वालाहरुबाट लिएको राय अनुसार सानो परिवारको भन्दा ठुलो वा संयुक्त परिवारको छात्रा भर्ना कम हुन्छ भन्ने पाइयो । संयुक्त परिवारमा धेरै वालबच्चा हुने र आफु ठुली भएकोले साना भाइबहिनीहरुको स्याहार गर्नुपर्दछ भन्ने गरेको सहभागी छात्राहरुले बताए । सानो परिवार सुखी परिवार हुन्छ । सानो परिवार हुने घरमा छात्राहरु नि.मा.वि. तहमा बढी सहिभागी हुन्छन् भन्नेहरुमा शत प्रतिशत प्र.अ., महिला शिक्षिका, महिला वि.व्य.स. सदस्य र विद्यालय छाडेका छात्राका अभिभावक, ७५ प्रतिशत विद्यालय जाने छात्राका अभिभावक र विद्यालय जाने छात्राहरु रहेका पाइयो ।

**२. आमाबुबाको शैक्षिक अवस्था**

आमाबुबा निरक्षर भएका परिवारमा बालिकाहरु शिक्षा दिनुपर्छ भन्ने ज्ञानको अभाव रहेको पाइयो । शिक्षित बुबा आमा रहेका परिवारमा बालिकाहरुको विद्यालयमा सहभागिता उत्साहवर्द्धक रहेको पाइयो । छोरीको पढाई अनुत्पादक मान्ने र बुबाआमालाई छोरोले कमाएर पाल्ने भन्ने धारणा अनपढ बुबाआमामा रहेको परिवारमा पाइयो । बुबाआमाको शैक्षिक अवस्थाले पनि छात्राहरुको भर्नामा प्रभाव पर्छ भनि शत प्रतिशत प्र.अ., महिला शिक्षिका र महिला वि.व्या.स. सदस्य, विद्यालय छाड्ने छात्रा, ५० प्रतिशत विद्यालय जाने र छाडेका छात्रामा अभिभावकहरुले बताए ।

**तालिका ६: छात्रा सहभागितामा प्रभाव पार्ने पारिवारिक तत्व**

| क्र.स. | पारिवारिक तत्व | प्र.अ. १० | महिला शिक्षिका २० | विद्यालय जाने छात्राका अभिभावक २० | विद्यालय छाडेका छात्राका अभिभावक २० | विद्यालय जाने छात्रा २० | विद्यालय छाड्ने छात्रा २० | वि.व्या.स. महिला सदस्य १० |
|---|---|---|---|---|---|---|---|---|
| १ | पारिवारिक आकार र ढाँचा | १० (१००) | २० (१००) | १५ (७५) | २० (१००) | १५ (७५) | २० (१००) | १० (१००) |
| २ | आमाबुबाको शैक्षिक अवस्था | १० (१००) | २० (१००) | १० (५०) | १० (५०) | १० (५०) | १५ (७५) | १० (१००) |
| ३ | आमाबुबाको आपसी सम्बन्ध | १० (१००) | २० (१००) | १५ (७५) | | | | १० (१००) |

(कोष्ठको अंकले प्रतिशत जनाउँछ) स्रोतः स्थलगत सर्वेक्षण, २०६८

**३. आमाबुबाको आपसी सम्बन्ध**

जुन परिवारमा बुबा र आमा बिच प्रेम र मेल मिलाप सुमधुर छ भने त्यस्तो परिवारमा छात्राहरु बढि से बढी शिक्षा लिन सहभागी हुन्छन् । जुन घरमा बाबु आमाा बचि कलह र झै झगडा आपसी सम्बन्ध पारपाचुके अवस्थामा पुगिसकेको हुन्छ । त्यस्ता परिवारमा बालिकाको लागि शिक्षा एकदमै अर्को अगतको वस्तु बन्न पुग्छ । त्यसकारण बाबुआमाको आपसी सम्बन्भले पनि छात्राहरुको शिक्षाको सहभागितामा प्रभाव पार्छ भनि शत प्रतिशत प्र.अ., महिला शिक्षिका, वि.व्य.स. महिला सदस्य, ७५ प्रतिशत विद्यालय जान छाड्का छात्राका अभिभावकले बताए ।

**ग) सामाजिक तत्व**

छात्रा सहभागितामा प्रभाव पार्ने सामाजिक तत्वमा लैङ्गिक विभेद, धार्मिक विभेद, सामाजिक मूल्य मान्यता र विश्वासलाई निम्नानुसार उल्लेख गरिएको छ ।

## १. लैंगिक विभेद

बाबुआमाहरु आफ्नै छोरीलाई पनि अर्काको नासो भनेर हाम्रो समाजमा पाल्ने गर्दछन् । मारे पाप पाले पुण्य भन्दै एउटा गाई जस्तै उसको दान या विक्रि गर्छन् । अनि भन्छन् 'हुन माल छोरी अरुलाई दिने, राखी धरौटी सरी जानी लिने, आनन्द छु आज गरी विदाई, हल्का भए झै अऋणी कहाई' (शाकुन्तला नाटक, शम्भुप्रसाद ढुंगेल) । यसरी छारीलाई अर्काको माल भनेर शैक्षिक क्षेत्रमा महिलालाई सहभागी गराइदैन । अभिभावकको बिचारमा छोरो ठुलो भई बुढेस कालमा बाबु आमाको सेवा गर्छ र छोरीहरु अर्काको घरमा जानुपर्छ भन्ने मान्यता अनुसार विद्यालयमा पढाउनको लागि छोरीलाई भन्दा छोरालाई बढी महत्व दिने गरेको पाइयो । यसरी लैंगिक विभेदले गर्दा छात्रा भर्नामा प्रभाव पार्छ भनि १०० प्रतिशत प्र.अ., महिला शिक्षिका, वि.व्या.स. महिला सदस्य, ७५ प्रतिशतले विद्यालय जाने/छाडेका छात्राका अभिभावकले प्रतिक्रिया दिएका छन् । जस अनुसार छोराछोरीलाई हेर्ने दृष्टिकोणमा फरक रहेको, छोरी प्रति गर्ने व्यवहार विभेदपूर्ण भएको, छोरीलाई पराइको घर जाने जात जस्ता कुराले नकारात्मक प्रभाव पारेको पाइयो ।

## २. धार्मिक विभेद

धार्मिक शास्त्रअनुसार छोराले पितृ तार्छ र स्वर्ग लैजान्छ । धार्मिक शास्त्रमा एकातिर महिलालाई देवीको रुपमा स्वीकार गरी पुजा आजा गरेको देखिन्छ । भने अर्को तर्फ महिलालाई पुरुषको चरण दासीको रुपमा दोस्रो दर्जाको नागरिकको दृष्टिकोणले धर्मशास्त्रमा प्रस्तुत गरिएको छ । छोरालाई धर्मशास्त्रमा नै बढी महत्व दर्शाएकोबाट धार्मिक एवं सास्कृतिक काराणले गर्दा छात्रा भर्नामा प्रभाव पार्छ भन्ने कुरामा शत प्रतिशत प्र.अ. महिला शिक्षिका, वि.व्य.स. महिला सदस्य ५० प्रतिशत विद्यालय जाने/छाडेका छात्राका अभिभावकहरले बताए ।

**तालिका ७ : छात्रा भर्नामा प्रभाव पार्ने सामाजिक तत्व**

| क्र.स. | सामाजिक तत्वहरु | प्र.अ. १० | महिला शिक्षिका २० | विद्यालय जाने छात्राका अभिभावक २० | विद्यालय छाडेका छात्राका अभिभावक २० | विद्यालय छोडेका छात्रा २० | वि.ब्या.स. महिला सदस्य १० |
|---|---|---|---|---|---|---|---|
| १ | लैङ्गिक विभेद | १० (१००) | २० (१००) | १५ (७५) | १३ (७५) | १५ (७५) | १० (१००) |
| २ | धार्मिक विभेद | १० (१००) | २० (१००) | १० (५०) | १० (५०) | १० (५०) | १० (१००) |
| ३ | सामाजिक मूल्य,मान्यता र विश्वास | १० (१००) | २० (१००) | १५ (७५) | १० (५०)) | | १० (१००) |

(कोष्ठको अंकले प्रतिशत जनाउँछ) स्रोतः स्थलगत सर्वेक्षण, २०६८

## ३. सामाजिक मूल्य मान्यता र विश्वास

नेपाली समाजमा महिलालाई चुल्हो र चौका, मेलापातको काम गर्न महिलाको जातले पायको काम हो भनि सामाजिक मान्यता दिइएको छ । अभिभावकले छोराहरु बुढेसकालमा बाबु आमाको स्याहारसुसार तथा रेखदेख काजक्रिया आदि गर्ने भएको र छोरीलाई वैवाहिक जीवनपछि घरमा जानुपर्ने हुदाँ सानै उमेरबाट छोरीलाई पढ्न छुट्टाउने र छोरालाई स्कुल पठाउने गरेको धारणा व्यक्त गरेको पाइयो । सामाजिक मूल्य मान्यता र विश्वासलाई कसैले पनि तोड्ने आँट गर्न सक्दैन, यसलाई विस्तारै मात्र परिवर्तन गर्न् सकिन्छ । छोरी अर्कोको घरमा जाने छोराले पितृ तार्ने र वंश अघि बढाउने परम्परागत सोचका कारण छोरीलाई सानै उमेरमा किशोरी हुदै विहे गरेर पाइको घर पठाइन्छ र बुबा आमा ढुक्क हुन्छन् । नारीलाई दासी र सतीको रुपमा हेर्ने सामाजिक परम्परागत सोच अझै नेपाली समाजबाट पूर्णरुपमा हटिसकेको छैनज । नि.मा.वि. तहमा छात्रा सहभागितामा सामाजिक मूल्यमान्यता र विश्वासले प्रभाव पारेको हुन्छ भनि राय व्यक्त गर्नेमा शत प्रतिशत प्र.अ., महिला शिक्षिका, वि.व्य.स. महिला सदस्य, ५० प्रतिशत विद्यालय जाने छात्राका अभिभावक, ७५ प्रतिशत विद्यालय छाडेका छात्राका अभिभावकहरु रहेको पाइयो ।

**घ) आर्थिक तत्व**

विद्यालय जाने छात्राका अभिभावक नजाने छात्राका अभिभावक विद्यालय जान छाडेका तथा छात्रा तथा विद्यालय व्यवस्थापन समितिका महिला सदस्यहरुको सामुहिक छलफलबाट लिएका सुचनाहरु तल देखाइएको छ ।

**तालिका ८ : छात्रा भर्नामा प्रभाव पार्ने आर्थिक तत्व**

| क्र.स. | सामाजिक तत्वहरु | महिला शिक्षिका २० | विद्यालय जाने छात्राका अभिभावक २० | विद्यालय छाडेका छात्राका अभिभावक २० | विद्यालय छाडेका छात्रा २० | वि.व्य.स. महिला सदस्य १० |
|---|---|---|---|---|---|---|
| १ | गरिबी | २० (१००) | २० (१००) | १० (५०) | २० (१००) | १० (१००) |
| २ | पेशा व्यवसाय | १५ (७५) | १५ (७५) | २० (१००) | - | १० (१००) |

(कोष्ठको अंकले प्रतिशत जनाउँछ) स्रोतः विद्यालय सर्वेक्षण, २०६८

**१. गरिबी**

नि.मा.वि तहमा छात्राहरु शिक्षा लिने कामबाट बंचित हुने प्रमुख कारण गरिबी भएको सर्वेक्षणबाट प्राप्त भयो । विद्यालय छोड्ने, कक्षा दोहोर्‍याउने तथा अनुर्तीण हुने धेरै जसो भुमिहीन वर्ग, मजदुर, खेतीयोग्य जमिन कम भएका किसानहरु जसको वर्ष दिन खेती गर्दा ६ महिना मुश्किलले खान पुग्ने परिवारहरुका बालबच्च भेटिइन्छन । यस किसिमका विद्यालय छाडेर मेलापात र मजदुरी गर्न र बाबुआमालाई घरयासी काममा सहयोग गर्न लाग्ने गर्दछन् । चाडपर्व र आफ्नो संस्कृति बचाउनको लागि आवश्यक पर्ने खर्च जुटाउन विहान वेलुका खान खर्च जुटाउन, कापीकलम झोला पोशाक किन्ने खर्च/ जुटाउन विद्यालयमा धेरै जसो अनुपस्थित हुने हुँदा कक्षा छाड्ने दाहोर्‍याउने र अनुर्तीण हुने अवस्थाहरु आउने गरेको पाइयो । गरिबीकै कारणले छोरीलाई विद्यालय पठाउन नसकेको कुरा ५० प्रतिशत विद्यालय छाडेका छात्राका अभिभावकहरुले बताए । छात्रा सहभागितामा प्रभाव पार्ने प्रमुख आर्थिक तत्व गरिबी

भएको कुरा शत प्रतिशत महिला शिक्षिका, विद्यालय जाने छात्राका अभिभावक, विद्यालय छाडेका छात्रा र वि.व्य.स महिला सदस्यले बताए ।

**२. परिवारको पेशा तथा व्यवसाय**

परिवारको पेशा तथा व्यवसायले पति छात्राहरुको भर्नामा प्रभाव पार्छ । उच्चस्तरको पेशा, व्यापार, व्यवसायमा सफल भएका बाबुआमाका छोरीहरुको शिक्षामा सहभागिता उत्साहबद्धक रहेको सुचना पाइयो । आर्थिक अवस्था कमजोर भएको कारणले र आफुहरु कृषक भएकाले मेलापात ज्याला मजदुरी गर्न जानुपर्ने र छोरीले पनि आफुहरुलाई काममा सघाउनु पर्ने कारण ७५ प्रतिशत महिला शिक्षिका र विद्यालय जाने छात्राका अभिभावक, शतप्रतिशत विद्यालय छाडेका छात्राका अभिभावक र वि.व्य. स. महिला सदस्यहरुले बताए ।

**ङ) अन्य तत्व**

छात्रा सहभागितामा प्रभाव पार्ने अन्य तत्वमा भाषा, भौगोलिक दुरीलाई निम्नानुसार उल्लेख गरिएको छ ।

**१. भाषा**

यस भैरहवा स्रोतकेन्द्रका अध्ययन गरिएका १० वठा नि.मा.वि. हरुको सेवा क्षेत्रमा मधेशी जस्तैः यादव, ठाकुर, आदि र थारु जातहरु जस्तैः चौधरी, महतो आदि बसोवास गर्दछन् । यिनहिरुको मातृ भाषा भोजपुरी भएकोले यिनीहरुलाई नेपाली भाषाको पाठ्यक्रम अध्ययन गर्न समस्या उत्पन्न भएको छ । भाषागत समस्याले गर्दा विद्यार्थीले अपेक्षित उपलब्धी हासिल गर्न नसक्ने कुरा शत प्रतिशत महिला शिक्षिका, विद्यालय जाने छात्राका अभिभावक र वि.व्य.स. महिला सदस्य, ७५ प्रतिशत विद्यालय जाने छात्र र विद्यालय छाडेका छात्राहरुले बताए ।

**२ भौगोलिक दुरी**

विद्यालय र घरविचको भौगोलिक दुरी, विद्यालय र घरको बिचमा घना जंगल, विद्यालय र घरको बिचमा पुलको व्यवस्था नभएको कारणले गर्दा छात्राहरु विद्यालयमा सहभागी हुन नसक्ने कुरा शत प्रतिशत महिला शिक्षिका र विद्यालय जाने छात्राका अभिभावक, ७५

प्रतिशत विद्यालय जाने र छाडेका छात्राहरु, ८० प्रतिशत वि.व्य.स. महिला सदस्य सहमत भएको कुरा सरोकारवालाहरुले बताए ।

**तालिका ९ : छात्रा सहभागितामा प्रभाव पार्ने अत्य तत्व**

| क्र.स. | अन्य तत्व | महिला शिक्षिका २० | विद्यालय जाने छात्रा अभिभावक २० | विद्यालय जाने छात्रा २० | विद्यालय छाडेका छात्रा २० | वि.व्य.स. महिला सदस्य १० |
|---|---|---|---|---|---|---|
| १ | भाषा | २० (१००) | २० (१००) | १५ (७५ ) | १५ (७५ ) | १० (१००) |
| २ | भौगोलिक दुरी | २० (१००) | २० (१००) | १५ (७५ ) | १५ (७५ ) | ८ (८०) |

(कोष्ठको अंकले प्रतिशत जनाउँछ) स्रोतः विद्यालय सर्वेक्षण, २०६८

अध्ययन क्षेत्रबाट प्राप्त सूचना अनुसार विद्यालयमा जनचेतनामूलका कार्यक्रम जस्तैः घरदैलो, महिला शिक्षा कार्यक्रम, अभिभावक भेला निरन्तर रुपमा नहुनु, छात्राहरुलाई प्रोत्साहन गर्न बढि संख्यामा छात्राहरुलाई छात्रावृत्ति, पोशाक र खाजाको व्यवस्था मिलाउन नसक्नु, शौचालयको व्यवस्थापनको कमी, उदार कक्षोन्नती व्यवहारिक रुपमा कम अपनाइनु, महिला शिक्षिाको नियुक्ति कम हुनु, संयुक्त परिवारका छात्राहरुलाई घरायसी कामको बोझ हुनु, अभिभावक अशिक्षित हुनाले सामाजिक, धार्मिक र लैङ्गिक विभेद समाजमा कायमै रहनुले पनि विद्यालयमा छात्रा सहभागिता बढाउन कठिनाई उत्पन्न भएको छ । अभिभावकको आर्थिक अवस्था मजबुत गर्ने खालको सीप र प्रविधियुक्त आय मूलक शिक्षा प्रदान गर्ने व्यवस्थाको कमी हुनु, प्राथमिक तहमा मातृभाषामा शिक्षा लिने व्यवस्था मिलाउन नसक्नु, छात्रालाई पायक पर्ने स्थानमा विद्यालय नक्शाङ्कनको आधारमा निर्माण गर्न नसक्नाले छात्रालाई भौगोलिक रुपमा कठिनाई हुनुले सामुदायिक निम्न माध्यमिक विद्यालयका छात्राको शैक्षिक सहभागीतामा प्रभाव पारेको छ ।

## ४.३ छात्रा सहभागिता वृद्धि गर्ने उपाय

भैरहवा स्रोतकेन्द्रमा मात्र नि.मा.नि. तहको शिक्षामा छात्रा सहभागिता न्यून रहनु यस क्षेत्रका मात्र समस्या नभई समग्र नेपाल राष्ट्रमै छात्रको तुलनामा निम्न माध्यमिक विद्यालयमा छात्र सहभागिता न्यून देखिन्छ । शिक्षामा महिला सहभागिता न्यून भएकोले देश विकास गर्न महिलालाई शिक्षित बनाउनु आवश्यक भएको हुँदा विभिन्न उपायहरु अपनाएर यस समस्या समाधान गर्नु चुनौतीको विषय बनेको छ । यस अध्ययनको क्रममा नि.मा.वि. तहमा छात्रा सहभागिता वृद्धि गर्न सरोकारवालाहरु प्र.अ. महिला शिक्षिका, वि.व्य.स. महिला सदस्य, अभिभावक विद्यार्थी, बि.नि. स्रोतव्यक्तिबाट आएका सुझावहरुलाई प्रस्तुत गरिएको प्रस्तुत गरिएको छ, (हेर्नुहोस् परिशिष्ट १२) ।

### ४.३.१ विद्यालय व्यवस्थापनमा सुधार गर्ने

अध्ययनको क्रममा प्र.अ. महिला, शिक्षिका, छात्रा (विद्यालय जाने र नजाने) का अभिभावक विद्यालय जाने छात्रा, विद्यालय छाडेका छात्रा, वि.व्य.स. महिला, सदस्यलाई सोधिएका प्रश्नहरुबाट प्राप्त सुझावहरु अनुसार विद्यालयमा छात्रा सहभागिता वृद्धि गर्न जनचेतनामूलक कार्यक्रम जस्तै घरदैलो कार्यक्रम, वार्षिक उत्सव, अभिभावक भेला आदि विद्यालयद्वारा गरिरहनुपर्ने, सरकारी नीति नियम छात्रालाई विद्यालयमा आकर्षित गर्ने खालको हुनुपर्छ भन्ने सुझावलाई प्राथमिकता दिएको पाइयो । विद्यालयमा छात्रावृत्तिको उचित व्यवस्था निशुल्क पाठ्यपुस्तक, शौचालयको व्यवस्था, छात्रासुरक्षाको व्यवस्था महिला शिक्षिका नियुक्तीको संख्या बढाइनुपर्ने, उदारकक्षोन्नती हुनुपर्ने, पुरुष शिक्षकको छात्रा प्रति गर्ने व्यवहारमा सुधार, पाठ्यक्रमलाई व्यवहारिक र सिपमूलक बनाइनु पर्ने, विद्यालय पोशाकको व्यवस्था गरी माथि उल्लेख गरेनुसार विद्यालय व्यवस्थापनमा सुधार गरेको खण्डमा विद्यालयमा छात्रा सहभागिता वृद्धि गर्न सकिन्छ भन्ने कुरा सुझावको रुपमा शत प्र.अ., र विद्यालय जाने/नजाने छात्राका अभिभावक, ९० प्रतिशत वि.व्य.स. महिला सदस्य, ७५ प्रतिशत महिला शिक्षिका, र विद्यालय छाडेका छात्रा, ५० प्रतिशत विद्यालय जाने छात्राले व्यक्त गरेको पाइयो ।

### ४.३.२ पारिवारिक अवस्था र संरचना गुणस्तरीय एवं सुव्यवस्थित गर्ने

अध्ययनको क्रममा सोधिएका प्रश्नहरुबाट प्राप्त भएको सुझाव अनुसार विद्यालयमा छात्रा सहभागिततावृद्धि गर्न सानो परिवारलाई सुखी परिवार वनाउन परिवार नियोजन कार्यक्रमलाई प्रभावकारी रुपमा लागु गर्नुपर्ने, वावुआमाको आपसी सम्बन्धी प्रगाढ गराइनु पर्ने शिक्षाको जनचेतना फैलाई वावुआमाको शैक्षिक योग्यता अभिवृद्धि गरी, पारिवारिक अवस्था र संरचनालाई गुणस्तरीय एवं सुव्यवस्थित वनाउन सकियो खण्डमा नि.मा.वि. तहमा छात्रा सहभागिता वृद्धि गर्न सकिने प्रतिक्रिया शत प्रतिशत प्र.अ., महिला शिक्षिका र विद्यालय छाडको छात्रा, ९० प्रतिशत वि.व्य.स. महिला सदस्य, ७५ प्रतिशत विद्यालय जाने छ, ७५ प्रतिशत विद्यालय जाने छात्रा र विद्यालय जाने/नजाने छात्राका अभिभावकबाट प्राप्त भयो ।

### ४.३.३ सामाजिक व्यवहार सकरात्मक बनाउने

राज्यले शिक्षा स्वास्थ्य राजनीति, विकास निर्माण, रोजगारी आदि जनुसुकै क्षेत्रमा पनि महिलालाई लैङ्गिक उपेक्षा नगरी लैगिंक समानता कायम हुने गरी नीति निर्माणमा जोड दिनु उपयुक्त हुन्छ । छोरा र छोरीलाई धार्मिक एवं सामाजिक मूल्य मान्यता अनुसार कुनैपनि प्रकारको विभेद नगरी छोरा र छोरीमा समाजले समान सकारात्मक व्यवहार प्रस्तुत गरी धार्मिक मूल्य मान्यता र रुढीवादी परम्परा संस्कारमा परिवर्तन गर्न सकेको खण्डमा विद्यालयमा छात्रा सहभागितामा वृद्धि गर्न सकिने विचार शत प्रतिशत प्र.अ., महिला शिक्षिका, वि.व्य.स. महिला सदस्य र विद्यालय छाडेका छात्रा, ८० प्रतिशत विद्यालय जाने छात्रा, ७५ प्रतिशत विद्यालय जाने/नजाने छात्राका अभिभावकबाट व्यक्त गरिएको पाइयो ।

### ४.३.४ अभिभावकलाई आयमूलक कार्यमा लगाउने

विभिन्न संघसंस्था र सरकारले अभिभावकलाई सीपमूलक र आयआर्जन गर्ने खालको व्यवसायमूलक तालिमको गरेका ,खण्डमा तिनीहरुको आर्थिक अवस्था उकास्न सकिन्छ भन्ने कुरालाई सुझावको रुपमा प्राथमिकता दिइएको पाइयो । उन्नत खालको मल, विउ र खनजोत गरी आधुनिक तरिकाले खेतीपाती गर्ने अभिभावकलाई सिकाउनु पर्छ । महिलालाई सशक्तिकरण गर्न सकिने व्यवहारिक एवं गुणात्मक शिक्षामा जोड दिनुपर्ने सुझव अध्ययनको क्रममा प्राप्त भयो । प्रमाणपत्र दिने भन्दा आत्म निर्भर भएर जीउन सक्ने खालको प्राविधिक

एवं व्यवहारिक शिक्षा अभिभावकलाई प्रदान गरेको खण्डमा शिक्षामा छात्रा सहभागिता वृद्धि गर्न सकिन्छ भन्ने सुझाव शत प्रतिशत प्र.अ., विद्यालय जाने/नजाने छात्राका अभिभावक र विद्यालय छाडेका छात्रा, ९० प्रतिशत वि.व्य.स महिला सदस्य, ७५ प्रतिशत महिला शिक्षिका र ५० प्रतिशत विद्यालय जाने छात्राबाट आएको पाइयो ।

### ४.३.५ विद्यालयमा पढाइने भाषा र भौगलिक दुरीलाई व्यवस्थित पार्ने

नेपाली भाषालाई मातृभाषाको रुपमा प्रयोग गर्ने समुदाय बाहेकका समुदायका वालवालिकाको लागि राज्यले मातृभाषामा प्राथमिक तहको शिक्षा प्रदान गर्न जोड दिनपर्छ, मधेसी, जनजाति आदि समुदायका बालबालिकालाई नेपाली भाषाको पाठ्यक्रम अध्ययन गर्दा समस्या उत्पन्न भएको छ । त्यस्तै अझैपनि विद्यालयहरु विद्यालय नक्साङ्कनको आधारमा नवनाइएकोले विद्यालय र घर विचको भौगोलिक दुरी बढि भएका, विद्यालय र घरबीच घना जंगल भएको, विद्यालय र घरको बीचको नदीमा पुल नभएको कारणले छात्राहरुलाई विद्यालय पुग्न समस्या परेको पाइयो ।

मातृभाषामा प्राथमिक तहको शिक्षा दिने व्यवस्था, घर तथा विद्यालय विचको दुरी कम गर्न, विद्यालय नक्शांकलनको आधारमा विद्यालयहरु निर्माण गर्नुपर्ने, विद्यालय र घरको बीचमा पुल निर्माण गरेको अवस्थामा विद्यालयमा छात्रा सहभागिता वृद्धि गर्न सकिन्छ भन्ने कुरा सुझावको रुपमा शत प्रतिशत प्र.अ., ८० प्रतिशत वि.व्य.स. महिला सदस्य, ७५ प्रतिशत विद्यालय जाने/नजाने छात्राका अभिभावक र विद्यालय छाडेका छात्रा, ५० प्रतिशत महिला शिक्षिका र विद्यालय जाने छात्राले बताएको पाइयो ।

विद्यालयमा निरन्तर रुपमा जनचेतनामूलक कार्यक्रम नियमित रुपमा नहुनु, बढि संख्यामा छात्राहरुलाई छात्रावृत्ति उपलब्ध गराउन नसक्नु, शौचालयको व्यवस्थापनको कमी, उदार कक्षोन्नती व्यवहारिक रुपमा कम अपनाउनु, पुरुष शिक्षकको छात्राप्रति गरिने व्यवहार सकारात्मक नहुनु, विद्यालयमा छात्रा सहभागिता वृद्धि गर्न कठिनाईको रुपमा रहेका छन् । सामाजिक कुरीति, लैङ्गिक तथा धार्मिक विभेद समाजमा कायमै रहनु छात्राहरुका अभिभावकको शैक्षिक अवस्था कमजोर हुनु, संयुक्त परिवार भएका छात्राहरुलाई घरायसी

कामको बोझ हुनु, अभिभावकले सीप प्रविधि युक्त व्यवसायमूलक शिक्षा प्राप्त गर्न नपाउनुले विद्यालयमा छात्रा सहभगिता वृद्धि गर्न कठिनाई उत्पन्न भएको छ।

प्राथमिक तहमा मातृभाषामा शिक्षा लिने व्यवस्था नहुनु र विद्यालय बिना नक्शाङ्कन बनाउनुले छात्राहरुलाई विद्यालयमा पुगेर शिक्षा आर्जन गर्न भौगोलिक कठिनाई हुनुले पनि छात्रा सहभागिता वृद्धि गर्न कठिनाई उत्पन्न भएको छ।

यसरी छात्रा सहभागिताको दर बढाउन अब्राहम मास्लोले भनेझैं पहिला मानिसका आधारभूत आवश्यकता गाँस, वास, कपासको परिपुर्ति नभएमा अन्य आवश्यकताहरु पूरा हुन सक्दैनन्। त्यसैले सबैभन्दा पहिला मानिसका आधारभूत आवश्यकताहरु परिपुर्ति गर्न सक्ने समय सापेक्ष रुपको व्यवसायमूलक शिक्षामा जोड दिई आत्मनिर्भर भएर जिउन सक्ने शिक्षा पद्धतिको विकास गर्नुपर्छ। त्यस्तै मेरी पार्कर फोलेट्ले विकास गरेको मानव सम्बन्ध सिद्धान्तको अंगिकार गर्नुपर्दछ। त्यसका लागि शिक्षण सिकाइका क्रममा सिकारुको भावना र चाहनालाई बुझेर मनोवैज्ञानिक ढाँचाबाट मानविय सम्बन्धको विकास गर्नुपर्दछ। जति धेरै मानवीय सम्बन्ध सथापना गर्न सक्यो त्यति धेरै काममा स्तरीयता एवं गुणास्तरीयता कायम भइ विद्यालयमा छात्रा सहभागिता कमीको अवस्थामा न्यूनिकरण आउने देखिन्छ।

अब्राहम मस्लोको सिद्धान्त अनुसार छात्राहरुलाई विद्यालयमा धेरै संख्यामा छात्रावृत्तिको व्यवस्था उपलब्ध गराउनु, महिला शिक्षिकाको नियुक्ति संख्या बढाइनु, शौचालयको उचित व्यवस्थापन मिलाउनु, छात्राहरुलाई पोशाक र खाजाको व्यवस्था मिलाउनु, उदार कक्षोन्नतीलाई व्यवहारिक रुपमा लागु गर्नु, अभिभावकलाई सानो परिवार बनाउन परिवार नियाजन कार्यक्रमलाई प्रभावकारी रुपमा लागु गर्नु, अभिभावकलाई सीप र आयमूलक शिक्षा प्रदान गर्न सकेको अवस्थामा विद्यालयमा छात्रा सहभागिताको संख्या वृद्धि हुन सक्छ। घरपरिवार भित्र छोराछोरी बीच गरिने सामाजिक, धार्मिक एवं लैङ्गिक विभेद अन्त्य गरिनुपर्ने, प्राथमिक तहको शिक्षा मातृभाषामा लिने व्यवस्था मिलाउनु पर्ने, छात्राहरुलाई विद्यालय आउन पायक पर्ने ठाउँमा विद्यालय नक्शाङ्कनको आधारमा निर्माण गर्दा छात्राको शैक्षिक सहभागितामा वृद्धि हुन सक्छ।

# परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझाव

यस परिच्छेदमा छात्रा सहभागितामा प्रभाव पार्ने तत्वहरुको अध्ययनबाट प्राप्त भएका प्राप्ती, निष्कर्ष र सुझावलाई क्रमबद्ध रुपमा प्रस्तुत गरिएको छ ।

## ५.१ प्राप्ति

रुपन्देही जिल्ला भैरहवा स्रोतकेन्द्र अन्तर्गतका १० वटा सामुदायिक विद्यालयका नि.मा.वि. तहको छात्रा सहभागितामा प्रभाव पार्ने तत्वहरुको अध्ययन गरी प्राप्त तथ्याङ्कको व्याख्या र विश्लेषणबाट निकालिएको प्राप्तिलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

छनोटमा परेका १० वटा सामुदायिक निम्न माध्यमिक विद्यालयको शै.स. २०६६ सालको छात्र भर्ना ५१.७३ प्रतिशत र छात्रा भर्ना ४८.२७ प्रतिशत पाइयो । यसबाट नि.मा.वि. तहमा शिक्षा लिने छात्रको तुलनामा विद्यालयमा छात्रा सहभागिता अझै पनि न्यून रहेका तथ्य स्पष्ट हुन्छ ।

शै.स. २०६७ को छात्र भर्नादर ५०.१७ प्रतिशत र छात्रा भर्नादर ४९.८३ प्रतिशत रहेको पाइयो । यी दुवै तथ्याङ्कको अध्ययनबाट विद्यालयहरुमा शिक्षामा लैङ्गिक समानता हुनको लागि अझै केही अवरोधहरु छन् भन्ने बुझिन्छ । शैक्षिक सत्र २०६६ साल नि.मा.वि. तहको अन्तिम परीक्षामा सम्मिलित भएका कुल ८९० छात्रा मध्ये ७३० (८२.०२%) ले मात्र अन्तिम परीक्षा उत्तिर्ण गरेको पाइयो । त्यस्तै शैक्षिक २०६७ सालमा नि.मा.वि. तहको अन्तिम परीक्षा ८७.३८ प्रतिशत छात्राले उत्तीर्ण गरेको पाइयो । शैक्षिक सत्र २०६६ र २०६७ को छात्राहरुको कक्षोर्त्तीणदर तुलना गर्दा २०६६ मा भन्दा २०६७ सालको कक्षोत्तीर्णदर लगभग ५.३६ प्रतिशत ले बढेको पाइयो । शैक्षिक सत्र २०६६ र शैक्षिक सत्र २०६७ को कक्षा छाड्ने दरलाई तुलनात्मक अध्ययन गर्दा २०६६ सालको कक्षा छाड्ने दर ८.५३ प्रतिशत भएकोमा २०६७ सालमा ६.५ प्रतिशत भएकोले कक्षा छाड्नेदर २०६७ सालमा २.०३ प्रतिशतले घटेको पाइयो । विद्यालयमा भर्ना भएका सबै छात्राहरु शैक्षिक सत्र अन्तमा लिइने अन्तिम परीक्षा सम्म सबै सम्मिलित भएको पाइएन् । यस अवधिमा कतिपय छात्रहरुले विद्यालय छोडिसकेको अवस्था पाइयो भने कतिपयल अर्को साल विद्यालय छोड्ने अवस्थामा रहेको पाइयो ।

छात्राहरुको विद्यालयमा शैक्षिक सहभागिता कम हुनुका मुख्य कारणहरु विद्यालय सम्बन्धी कारणहरु भन्ने कुरामा धेरै जनाको सहमति भएको पाइयो । विद्यालयहरु जनचेतना कार्यक्रम अन्तर्गत घरदैलौ कार्यक्रम, अभिभावक भेला गराएको पाइएन् । विद्यालयहरु निशुल्क पाठ्यपुस्तक वितरण गरेको पाइयो भने छात्राहरु सबैलाई छात्रवृत्तिको व्यवस्था गरेको पाइएन् । विद्यालयहरुमा महिला शिक्षिकाको नियुक्ति कम रहेको र शौचालयको व्यवस्था भएपनि अधिकांश विद्यालयमा त्यसको व्यवस्थापनमा ध्यान दिएको पाइएन् । सबै विद्यालयहरुमा प्राविधिक र व्यवसायमूलक शिषा प्रदान गरेको पाइएन् । सामुदायिक निम्न माध्यमिक विद्यालयमा पढ्न आउने अधिकांश छात्राहरु संयुक्त परिवारबाट आएको पाइयो । निम्न छात्राहरुका अधिकांश बुवा आमाको शैक्षिक स्तर केवल साक्षर भएको पाइयो । सामुदायिक नि.मा.वि. मा पढ्न आउने अधिकांश छात्राहरुका बुवा आमा सामाजिक परम्परा, धार्मिक अन्धविश्वास, रुढीवादीले ग्रस्त सोच भएको तथ्य तीनीहरुसंग गरिएको कुराकानी र अन्तर्वार्ताबाट प्राप्त भयो । अध्ययन गरिएका विद्यालयहरुका छात्रहरुको कम उमेरमा बालबिहे गरेर पराई घर जानुपर्ने एउटा सामाजिक बाध्यता रहेको अवस्था पाइयो । अध्ययन क्षेत्रका विद्यालयहरु अध्ययन गरिएका छात्राहको घरको आर्थिक अवस्था न्यून भएको पाइयो । स्थानीय निकायहरुले अभिभावकलाई व्यवसाय मूलक र प्राविधिक शिक्षा प्रदान गरेको पाइएन् । छात्राहरुले घरको काममा सघाउने गरेको र कहिले काँहि मेलापत मजदुरी गर्नुपरेको, भाइबहिनीको धरालो समेत बन्नुपरेको अवस्था अध्ययनबाट पाइयो । केहि अध्ययन क्षेत्रका विद्यालयहरु भौगोलिक नक्शांकन विना नै निर्माण भएकोले छात्राहरुलाई लामोबाटा हिडेर वा साइकल चढेर विद्यालय आउनुपरेको देखियो । छनोटमा परेका कुनै पनि विद्यालयमा तल्लो तहमा मातृ भाषामा शिक्षा दिने व्यवस्था मिलाइएको पाइएन । बालबालिकाहरुले घर परिवारमा मातृ भाषाको प्रयोग गर्ने गरेको तर विद्यालयको पाठ्यक्रम नेपाली भाषा भएकोले भाषागत समस्या उत्पन्न भई नि.मा.वि. तहमा छात्राहरुको सहभागितामा प्रभाव पारेको पाइयो ।

अध्ययनको क्रममा नि.मा.वि. तहमा छात्रा सहभागितामा देखा परेका समस्या समाधानका उपायमा प्राथमिकताको क्रममा विद्यालयमा जनचेतनामूलक कार्यक्रम अन्तर्गत घरदैलो कार्यत्रम, अभिभावक भेला गराइनु पर्ने, छात्राहरुलाई छात्रावृत्तिको व्यवस्था हुनुपर्ने, महिला शिक्षिकाको संख्या बढाइनु पर्ने, शौचालयको राम्रो व्यवस्था हुनुपर्ने कुरा सुझावको रुपमा

आएको पाइयो । छनोटमा परेका विद्यालयको अध्ययनको क्रममा छात्रा सहभागितामा देखा परेका समस्या समाधानका उपायहरुमा अधिकांश, महिला शिक्षिका, छात्रा, अभिभावक, वि.व्य.स. महिला सदस्यबाट बालबालिकाको अभिभावकको परिवार सानो र शिक्षित बनाइनुपर्ने, महिलाप्रति गरिने लैङ्गिक विभेद र सामाजिक व्यवहारमा परिवर्तन गरिनुपर्ने, अभिभावकलाई आयमूलक कार्यमा लगाइनुपर्ने, विद्यालयहरु नक्शांकनको आधारमा बनाइनु पर्ने, तल्लो तहको शिक्षा मातृभाषामा लिन पाउने व्यवस्था हुनुपर्ने सुझाव प्राप्त भएको पाइयो ।

## ५.२ निष्कर्ष

यस अनुसन्धानबाट प्राप्त सुचना एवं तथ्याङ्कको आधारमा प्राप्त प्रतिक्रियालाई व्याख्या तथा विश्लेषण गरी प्राप्तिको आधारमा अध्ययनको निष्कर्षलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

छनोटमा परेका विद्यालयहरुको नि.मा.वि. तहको शिक्षामा छात्राको सहभागिता छात्रको भन्दा कम देखिएको छ । छनोटमा परेका विद्यालयहरुमा जनचेतनामूलक कार्यक्रम निरन्तर संचालन भएका, महिला शिक्षिकाको नियुक्ती बढी भएका, शौचालयको राम्रो व्यवस्था, उदार कक्षोन्ननतिको व्यवस्था भएका, कक्षा क्रियाकलाप र अतिरिक्त क्रियाकलाप निरन्तर संचालन भइरहने, छात्रावृत्ति र छात्रालाई प्रोत्साहन गर्ने खालका कार्यक्रम संचालन भएका, विद्यालयमा छात्रा सहभागिता बढि देखिन्छ । यस अनुसारको व्यवस्था उपलब्ध नभएका विद्यालयहरुमा छात्रा सहभागिता छात्रको तुलनामा कम देखिन्छ । अध्ययनको क्रममा सानो परिवार, वुवाआमा वीच सुमधुर सम्बन्ध, शिक्षित वुवा आमा भएका परिवारका छात्रा संयुक्त परिवार, वुवाआमा वीच बेमेल सम्बन्ध, अशिक्षित वुवा आमा भएका परिवारको तुलनामा शिक्षामा बढि सहभागिता भएको देखिन्छ । लैङ्गिक र धार्मिक विभेद, अन्धविश्वास रुढिवादीबाट ग्रासित दृष्टिकोण भएको परिवारका छात्रा भन्दा शिक्षित, सकरात्मक सोच भएका र आधुनिककता तर्फ ढल्केका परिवारका छात्राहरु नि.मा.वि. तहको शिक्षा हासिल गर्न बढि सहभागिता भएका छन् । मेरी पार्कर फोलेटको मानव सम्बन्ध सिद्धान्तनुसार पुरुषको तुलनामा महिलाप्रति सकरात्मक मानवीय सम्बन्ध स्थापना गर्न नसकेको कारणले गर्दा त्यस

सिद्धान्तको प्रभाव शिक्षा क्षेत्रमा परेकोले नि.मा.वि. तहको शिक्षामा पुरुष भन्दा महिला कम सहभागिता भएको तथ्य छर्लङ्ग हुन्छ ।

उच्चस्तरको पेशा र व्यवसाय नभएका आर्थिक अवस्था नाजुक भएका गरिव अभिभावकका छात्राहरुले घरायसी कार्यमा वुवाआमालाई सघाउनु पर्ने, पढन लाग्ने खर्च जुटाउन नसक्ने वाध्यता भएको हुँदा उच्चस्तरको पेशा व्यवसाय र आर्थिक अवस्था राम्रो भएका परिवारको छात्राहरुको तुलनामा तिनीहरु शिक्षामा कम सहभागिता भएको देखिन्छ । मास्लोले भने झैं प्राथमिक आवश्यकता गास, वास, कपासको पूर्ति नभई मानिस दोस्रो आवश्यकताको श्रृखलामा प्रवेश नगर्ने भएकोले अधिकांश अभिभावकको आर्थिक पृष्ठभूमि कमजोर भएकोले अध्ययन क्षेत्रमा यस सिद्धान्तको पनि प्रभाव परेको पाइन्छ ।

प्राथमिक तहको शिक्षा मातृभाषामा लिने व्यवस्था नभएको र भौगोलिक विकटताले पनि नि.मा.वि. तहको शिक्षामा छात्रा सहभागितालाई प्रभाव पारेको देखिन्छ । नेपाली भाषा मातृभाषा भएका घर विद्यालय विचको दुरी कम भएका र सुगम स्थानमा रहेका परिवारको नि.मा.वि. तहको शिक्षा सहभागिता नेपाली वाहेकके मातृभाषाा भएका भोगोलिक रुपमा विकट स्थानबाट आउने परिवारका छात्राको तुलनामा बढि छात्राहरुको नि.मा.वि. तहको शिक्षामा सहभागिता देखिन्छ । त्यसकारण शिक्षामा छात्रा सहभागिता बढाउनको लागि प्राथमिक तहको शिक्षा मातृभाषामा लिन पाउने व्यवस्था भएमा र विद्यालय नक्शाङ्कनको आधारमा भौगोलिक दुरी कम हुने गरी छात्रालाई पाएक पर्ने स्थानमा विद्यालय निर्माण गर्न सकेको खण्डमा शिक्षामा छात्रा सहभागिता बढ्ने देखिन्छ । शिक्षामा महिला सहभागिता उत्साहवर्द्धक भएको खण्डमा राष्ट्रको विकासमा महत्वपूर्ण टेवा पुग्न सक्छ ।

## ५.३ सुझाव

सामुदायिक निम्न माध्यमिक विद्यालयको छात्रा सहभागिता अध्ययन गर्ने क्रममा अध्ययन, अवलोकन, अन्तर्वार्ता, प्रश्नावलीबाट प्राप्त सूचना एवं सुझावहरुको आधारमा छात्रा सहभागितामा प्रभाव पार्ने तत्वहरुको जानकारीको आधारमा शिक्षामा छात्रा सहभागिता वृद्धि गर्न विभिन्न निकाय र सरोकारवालाहरुले खेल्नुपर्ने भूमिकालाई सुझावको रुपमा प्रस्तुत गरिएको छ ।

**क. छात्राहरुका लागि सुझाव**

छात्राहरु नियमित रुपमा विद्यालय गई कक्षाकार्य र गृहकार्य नियमित रुपमा गर्नुपर्दछ । पढाइमा लगनशिल भई विद्यार्थी आचार संहिताको पूर्ण पालना गर्नुपर्दछ ।

**ख. अभिभावकका लागि सुझाव**

छोरा छोरीलाई समान व्यवहार गरी विद्यालय पठाउनुपर्दछ । आफ्ना छोरा छोरीलाई विद्यालय पठाउँदा सधैं कापी, कलमको व्यवस्थाको साथै खाजाको व्यवस्था मिलाइदिनु पर्दछ ।

**ग. प्र.अ. तथा शिक्षकहरुका लागि सुझाव**

शिक्षण गर्दा सहभागितामूलक बालकेन्द्रित शिक्षण विधि अवलम्बन गर्नुपर्दछ । शैक्षिक सामग्रीको प्रयोग गरेर विद्यार्थीमा मूर्त धारणाको विकास गराउनु पर्दछ । प्र.अ.ले पुरुष शिक्षकलाई छात्राहरुप्रति सकारात्मक व्यवहार प्रर्दशन गर्न अभिप्रेरित गर्नुपर्दछ । सबै बालबालिकालाई समान व्यवहार गरी बाल मैत्री वातावरणमा शिक्षण गर्नुपर्दछ । छात्रा नियमित नआउनुको कारण पत्ता लगाउनु पर्दछ ।

**घ. विद्यालय व्यवस्थापन समितिलाई सुझाव**

विद्यालय व्यवस्थापन समितिको नियमित बैठक बसी छात्रा भर्ना र नियमितता सम्बन्धमा छलफल कार्यक्रम संचालन गर्नुपर्दछ । उदारकक्षोन्नती, बालमैत्री वातावरण एवं दण्डरहित सिकाई विधि अवलम्बन गर्न शिक्षक प्र.अ.लाई अभिप्रेरित गरी विद्यार्थीहरुलाई विद्यालयमा प्रति आकर्षित गर्नुपर्दछ । विद्यालयमा शौचालयको व्यवस्थापन र महिला शिक्षिका नियुक्ति संख्या बढाउनु पर्छ । योजनावद्ध ढंगले अतिरिक्त क्रियाकलाप संचानलको व्यवस्था मिलाउनु पर्छ ।

**ङ. स्थानीय निकायका लागि सुझाव**

बाल विवाह, दाइजो प्रथा तथा अन्य नकारात्मक महिला विरुद्धको चलनहरुको विरुद्ध गोष्ठी र चेतनमूलक कार्यक्रम संचालन गर्नुपर्दछ । अभिभावकहरुलाई आय आर्जन गर्ने व्यवसायमूलक, सीपमूलक तालिमको व्यवस्था मिलाउनुपर्छ । शैक्षिक जनचेतनामूलक कार्यक्रमहरु संचालन गरी

स्थानीय स्तरमा अभिभावकलाई छात्रा भर्ना गर्नको लागि उत्प्रेरित गर्नुपर्दछ । धार्मिक अन्धविश्वास, सामाजिक कुसंस्कार, रुढीवादी परम्पराका विरुद्ध जनचेतना मूलक कार्यक्रम संचालन गरिरहनु पर्दछ । जिल्लामा छात्रा भर्ना राम्रो भएका गा.वि.स.का विद्यालयहरुलाई विशेष पुरस्कारको व्यवस्था गर्नुपर्दछ ।

**च. स्रोत व्यक्तिका लागि सुझाव**

विद्यालयको नियमित अनुगमन गरी कक्षामा नमूना शिक्षण गरी देखाउनु पर्दछ । शिक्षकको कक्षा अवलोकन गरी शिक्षकलाई समाहित शिक्षा दिन सुझाव दिनुपर्दछ ।

**छ. नीति निर्माताका लागि सुझाव**

विद्यालयमा छात्रा भर्ना वृद्धि गर्न सरकारले सरकारले धेरै संख्यामा छात्रवृत्तिको व्यवस्था गरी त्यसको प्रभाबकारी कार्यान्वयन गर्नुको साथै दलित, पिछडीएका, अल्पसंख्यक जातिका लागि महिनावारी न्यूनतम भत्ता दिने व्यवस्था सरकारले गर्नुपर्दछ । विद्यालयमा महिला शिक्षिकाको अनिवार्य गराई निरपेक्ष गरिवीको रेखामुनि रहेका अभिभावकको लागि रोजगारीको व्यवस्था मिलाईदिनु पर्दछ । परिवार नियोजन कार्यक्रमलाई सशक्त रुपमा गाउँ गाउँमा लागु गराउनुपर्छ र शिक्षाको माध्यमबाट सानो परिवार सुखी परिवारको धारणालाई मूर्त रुपमा लागु गराउनु पर्छ । छात्राहरुको छात्रवृत्तिलाई निरन्तरता दिने रकममा वृद्धि गर्ने र कोटा बढाउने कार्य अनिवार्य रुपमा गनुपर्दछ । आम सञ्चारका माध्यमबाट छात्रा भर्नावृद्धि गर्न मद्दत गर्ने कार्यक्रमहरु जस्तैः वृत्तचित्र, टेलीचलचित्र कथा, संवाद, नाटक आदि संचालन गर्नुपर्दछ । आम नागरिकको चेतनास्तर उकास्न चेतनामूलक नागरिक शिक्षा र अभिभावक शिक्षा संचालन गर्नुपर्दछ । गरिवी निवारण सम्बन्धी कार्यक्रम संचालन गर्नुपर्दछ । सबै सरकारी कार्यक्रममा लैङ्गिक विभेदमा कम गर्नुपर्छ, महिला शिक्षा कार्यक्रममा जोड दिंदै सीपमूलक साक्षरता एवम् साक्षरोत्तर कार्यक्रम संचालन गर्नुपर्दछ । विद्यालय नक्साङ्कन गर्दा घर र विद्यालयको दुरी कम गर्ने व्यवस्था गर्नुपर्दछ । शिक्षामा बजेट वृद्धि गरी छात्रवृत्ति, पोशाक, खाजाजस्ता कार्यक्रम समावेश गर्नुपर्दछ ।

## सन्दर्भसामग्री


अधिकारी, विष्णुप्रसाद (२०५९), शिक्षासेवा प्राविधिक सहायक दर्पण, काठमाडौंः आशिष पुस्तक भण्डार ।

अन्तराष्ट्रिय मञ्च, (२०६६ वैशाख), महिला शिक्षाको सान्दर्मिकता, मासिक पत्रिका, अनामनगर, काठमाडौंः  अन्तराष्ट्रिय मञ्च प्रकाशन ।

उपाध्याय, श्रीधर कुमार, (२०६७), माध्यमिक विद्यालयमा छात्रा सहभागितामा प्रभाव पार्ने तत्वहरु, शिक्षा स्नातकोत्तर अप्रकाशित शोधपत्र, तानसेन बहुमुखी क्याम्पस, पाल्पा ।

उपाध्याय, खड्क कुमारी (२०६३), सार्वजनिक विद्यालय व्यवस्थापन समितिमा महिला सहभागिता, शिक्षा स्नातकोत्तर अप्रकाशित शोधपत्र, सुर्खेत क्याम्पस ।

कार्की, अशोक कुमार (२०६३), गुणस्तरीय जीवन, काठमाडौंः पैरवी प्रकाशन ।

कोइराला, विद्यानाथ तथा श्रेष्ठ चन्द्रबहादुर, (२०६३), शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार, काठमाण्डौंः विद्यार्थी पुस्तक भण्डार ।

खनाल, श्री प्रसाद तथा मुडवरी नवराज (२०५९), शैक्षिक अनुसन्धान पद्धतीको परिचय, काठमाण्डौंः क्षितिज प्रकाशन ।

नेपाल सरकार (२०६४), लैङ्गिक समिविकासको लागि बालिका शिक्षाको रणनीति तथा कार्यान्यवन योजना, भक्तपुरः शिक्षा तथा खेलकुद मन्त्रालय शिक्षा विभाग, लेखक ।

नेपाल सरकार (२०६४), विद्यालय क्षेत्र सुधार कार्यक्रम काठमाडौंः शिक्षा तथा खेलकुद मन्त्रालय, लेखक ।

पौडेल, लेखनाथ (२०५५), शैक्षिक प्रक्रिया र नेपालमा शिक्षा, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

पौड्याल, शारदा (२०६४) छात्रा भर्ना, नियमितता र प्रतिधारणमा प्रभाव पार्ने तत्वहरु, एक अध्ययन काठमाडौंः त्रि.वि. शिक्षा शास्त्र केन्द्रीय विभाग, शोधपत्र ।

भैरहवा स्रोत केन्द्र, (२०६८) स्रोत केन्द्र अभिलेख, भैरहवाः लेखक ।

शर्मा, चिरञ्जिवी र शर्मा, निर्मला (२०६४), शैक्षिक प्रविधि र अनौपचारिक शिक्षा, काठमाडौंः एम्. के. पब्लिशर्स एण्ड डिष्ट्रीब्युटर्स ।

शर्मा, चिरञ्जिवी र शर्मा, निर्मला (२०६४), शैक्षिक योजना, काठमाडौंः एम्.के. पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स ।

शर्मा, गोपिनाथ (२०५९), शिक्षा आयोगका प्रतिवेदनहरु, काठमाडौँः मकालु बुक्स एण्ड स्टेर्शनर्स ।

CERID (1991). A study of studies of Dropout in primary education, Kathmandu: Auther.

## सामुदायिक निम्न माध्यमिक विद्यालयमा छात्रा सहभागिता

## परिशिष्ट-१

## प्रधानाध्यापकका लागि अन्तर्वार्ता प्रश्नावली

नाम.......................................... लिङ्ग.................................

विद्यालयः ................................ ठेगानाः ..............................

शैक्षिक योग्यताः .................................... कार्यअनुभव : ........................

---

१. तपाईको विद्यालयमा छात्रा भर्ना वृद्धि गर्न के–कस्ता जनचेतनामूलक कार्यक्रमहरु संचालन गर्नुहुन्छ ?

..............................................................................................................

२. सरकारी नीतिनियमले छात्रा भर्नामा कस्तो प्रभाव पारेको छ ? छात्रा भर्नामा प्रोत्साहन गर्ने खालका कार्यक्रम छन् ?

..............................................................................................................

३. विद्यालयमा छात्राहरुको के कस्तो सुरक्षा व्यवस्था गर्नुभएको छ ?

..............................................................................................................

४. महिला शिक्षिकाहरु छन् कि छैनन् ? नहुनुको कारण के के हुन् ?

..............................................................................................................

५. विद्यार्थीहरुको मूल्याङ्कन कसरी गर्नुपर्दछ ?

..............................................................................................................

६. छात्रा भर्नाका लैङ्गिक विभेदको असर कस्तो छ ? धार्मिक-सांस्कृतिक कारणको प्रभाव कस्तो छ?

..............................................................................................................

**७. तपाईको विचारमा छात्रा भर्नामा राजनीतिले कसरी प्रभाव पार्छ जस्तो लाग्छ ?**

..................................................................................................................

८. तपाईको विद्यालयमा छात्राहरुको सहभागिताको स्थिति कस्तो छ ? छात्राहरु अनियमित छने भने किन ?

.....................................................................................................................

९. कुल छात्रा भर्ना मध्ये मति प्रतिशत छात्राहरुको उक्त शैक्षिक सत्र पुरा गरे ?

.....................................................................................................................

१०. त्यसरी शैक्षिक सत्र पुरा नगरी वीचैमा पढाईमा छोड्नुका कारणहरु के के हुन सक्छन् बताइदिनु हुन्थ्यो कि ?

.....................................................................................................................

११. कक्षा क्रियाकलापमा छात्रा सहभागिता कस्तो पाउनुभएको छ ?

.....................................................................................................................

१२. कक्षा क्रियाकलाप एवं अतिरिक्त क्रियाकलापमा छात्रा सहभागिता वृद्धि गर्न के के गर्ने गर्नुहुन्छ ?

.....................................................................................................................

१३. विद्यालयमा के कस्ता छात्रा प्रोत्साहन कार्यक्रम संचालन गर्नुभएको छ ? बताइदिनुहुन्छ कि?

.....................................................................................................................

१४. पुरुष शिक्षकको छात्राप्रतिको व्यवहार कस्तो पाउनु भएको छ ?

.....................................................................................................................

१५. तपाईको विचारमा छात्रा भर्ना मा वृद्धि नियमितता र टिकाउपनको लागि के कस्ता रणनीतिहरु अपनाउनु पर्ला जस्तो लाग्छ ?

.....................................................................................................................

१६. विद्यमान ऐन, नियमावलीहरु पर्याप्त नहुनुको कारण के के हुन् ?

.....................................................................................................................

## सामुदायिक निम्न माध्यमिक विद्यालयमा छात्रा सहभागिता

## परिशिष्ट–२

## महिला शिक्षिकाको लागि अन्तर्वार्ता प्रश्नावली

नाम.........................................                 लिङ्ग.................................

विद्यालयः ................................                 ठेगानाः ..............................

शैक्षिक योग्यताः ....................................                 कार्यअनुभव : ........................

---

१. तपाईको विद्यालयमा छात्रा भर्ना वृद्धि गर्न के–कस्तो प्रभाव पारेको छ? छात्रा भर्नामा प्रोत्साहन गर्ने खालमा कार्यक्रम छन् वा छैनन् ?

..........................................................................................................................

२. सरकारी नीति नियमले छात्रा भर्नामा कस्तो प्रभाव पारेको छ ? छात्रा भर्नामि प्रोत्साहन गर्ने खालका कार्यक्रम छन् वा छैनन् ? छैनन भने किन ?

..........................................................................................................................

३. विद्यालयमा छात्राहरुको के–कस्ता सुरक्षाको व्यवस्था छ ? छैन भने किन ?

..........................................................................................................................

४. महिला शिक्षिकाहरु छन् कि छैनन् ? छैनन भने किन ?

..........................................................................................................................

५. छात्रा भर्नामा लैङ्गिक विभेदको असर कस्तो छ ? धार्मिक सांस्कृतिक कारणको प्रभाव कस्तो छ?

..........................................................................................................................

६. तपाईको विचारमा छात्रा भर्नामा भाषागत तत्वले कसरी प्रभव पार्छ जस्तो लाग्छ ?

..........................................................................................................................

७. तपाईको विद्यालयमा छात्राहरुको नियमितताको स्थिति कस्तो छ ? छात्राहरु अनियमित छन् भने किन?

.......................................................................................................................

८. कुल छात्रा भर्ना मध्ये कति प्रतिशत छात्राहरुले उक्त शैक्षिक सत्र पुरा गरे ?

.......................................................................................................................

९. त्यसरी शैक्षिक सत्र पुरा नगरी वीचैमा पढाई छोड्नुका कारणहरु के-के हुन सक्छन् ?

.......................................................................................................................

१०. कक्षा क्रियाकलापमा छात्रा सहभागिता कस्तो पाउनुभएको छ ?

.......................................................................................................................

११. कक्षा क्रियाकलाप एवं अतिरिक्त क्रियाकलापमा छात्रा सहभागिता वृद्धि गर्न के के गर्ने गर्नुहुन्छ ?

.......................................................................................................................

१२. विद्यालयमा के-कस्तो छात्रा प्रोत्साहन कार्यक्रम संचालन भएका छन् ?

.......................................................................................................................

१३. विद्यालयका पुरुष शिक्षकको छात्राप्रतिको व्यवहार कस्तो पाउनु भएको छ ?

.......................................................................................................................

१४. तपाईको विचारमा छात्रा भर्नामा वृद्धि, नियमितता र प्रतिधारणको लागि के-कस्ता रणनीतिहरु अपनाउनु पर्छ ?

.......................................................................................................................

१५. स्थानीय निकाय र विद्यालय व्यवस्थापन समितिले कस्तो कार्यक्रम संचालन गर्नुपर्छ ?

.......................................................................................................................

## सामुदायिक निम्न माध्यमिक विद्यालयमा छात्रा सहभागिता

## परिशिष्ट-३

## महिला वि.व्य.स. सदस्यको लागि अन्तर्वार्ता प्रश्नावली

**नाम**........................................ **उमेरः** ...............................

**विद्यालयः** ............................... **ठेगानाः** .............................

**शैक्षिक योग्यताः** ...................................

---

१. तपाईको विद्यालयमा छत्राहरुको भर्नाको अवस्था छात्रको तुलनामा कस्तो पाउनु भएको छ?

.......................................................................................................................

२. छात्राहरुको भर्ना अभिवृद्धि गर्न के के काम विद्यालयमा गर्न उपयुक्त हुन्छ ?

.......................................................................................................................

३. छात्राहरुलाई विद्यालय पठाउन समुदायका अभिभावकको कस्तो धारणा पाउनु भएको छ ?

.......................................................................................................................

४. तपाई बसोबास गरेको समुदायमा लैङ्गिक विभेदको अवस्था कस्तो पाउनु भएको छ ? यसलाई कसरी कम गर्न सकिन्छ ?

.......................................................................................................................

५. तपाईको विद्यालयमा छात्राहरुको शैक्षिक सतर छात्रको तुलनामा कस्तो छ ?

.......................................................................................................................

६. तपाईको विद्यालयमा छात्राहरुको सहभागिता न्यून हुनुमा प्रमुख रुपमा कुन कुन तत्वले प्रभाव पारेको छ ?

..........................................................................................................................................

७. छात्राहरुको भर्ना बढाउन विद्यालयमा के के कार्यक्रमहरु संचालन गर्न उपयुक्त हुन्छ ?

..........................................................................................................................................

८. परिवारको आर्थिक अवस्था, सामाजिक संस्कार र धार्मिक परम्पराले छात्राहरुको सहभागितामा प्रभाव कत्तिको पारेको छ ?

..........................................................................................................................................

## सामुदायिक निम्न माध्यमिक विद्यालयमा छात्रा सहभागिता

## परिशिष्ट-४

## स्रोत व्यक्ति/वि.नि. का लागि अन्तर्वार्ता प्रश्नावली

नाम.........................................  उमेरः .................................

स्रोत केन्द्रको नामः ................................  अनुभवः ..............................

शैक्षिक योग्यताः ....................................

---

१. तपाईको स्रोत केन्द्रमा नि.मा.वि. तहमा छात्राको सहभागिताको अवस्था कस्तो छ ? छात्रा सहभागिता बढाउन के कस्ता कार्यक्रमहरु विद्यालयहरुमा संचालन गर्नुभएको छ ?

..........................................................................................................................................

२. स्रोतकेन्द्रका विद्यालयहरुमा महिला शिक्षिकको उपस्थिति र भूमिका कस्तो रहेको छ ?

..........................................................................................................................................

३. विद्यालयहरुमा छात्राहरुको भर्ना वृद्धि गर्न अन्य उपायहरु के के गर्नुपर्ला ?

..............................................................................................................................

४. हजुरले छात्रा सहभागिता वृद्धि गर्न व्यक्तिगत रुपमा स्रोतकेन्द्रमा के कस्तो भूमिका निर्वाह गर्नु भएको छ ?

..............................................................................................................................

५. तपाईको विचारमा छात्रा सहभागितामा प्रभाव पार्ने तत्वहरु के के हुन् ?

..............................................................................................................................

६. शिक्षाको नीति तथा कार्यक्रमले छात्राहरुको सहभागितामा कस्तो प्रभाव पारेको छ ?

..............................................................................................................................

७. सामाजिक, जातिय संस्कार र धार्मिक संस्कारले छात्रा सहभागितामा के कस्तो प्रभाव पारेको छ ?

..............................................................................................................................

## सामुदायिक निम्न माध्यमिक विद्यालयमा छात्रा सहभागिता

## परिशिष्ट-५

## विद्यालय जाने छात्राका लागि अन्तर्वार्ता प्रश्नावली

नाम.........................................  उमेर.................................

विद्यालयः ................................  ठेगानाः ..............................

कक्षाः ....................................

---

१. तिम्रो परिवारको संख्या कति छ ? ...................................................

२. तिम्रो विद्यालय घरदेखि कति टाढा छ ? विद्यालय पुग्न कति समय लाग्छ ? ................

३. तिम्रो विद्यालयमा छात्रवृत्तिको व्यवस्था कस्तो छ ? ................................................

४. तिमी विद्यालयमा कत्तिको सुरक्षित ठान्छौ ? ......................................................

५. तिमीलाई विद्यालयमा महिला शिक्षिकाको उपस्थितिले कस्तो महसुस हुन्छ ? .............

६. तिम्रो घरको आर्थिक अवस्था कस्तो छ ? बुवा आमा के काम गर्नुहुन्छ ? ..................

७. तिम्रो बुबाआमाको पढ्नुभएको छ ? .............................................................

८. तिमी कक्षा क्रियाकलापमा कत्तिको सहभागी हुन्छौ ? .........................................

९. छात्रा प्रोत्साहन कार्यक्रमले तिमीलाई फाइदा पुगेको छ ? ....................................

१०. अतिरिक्त क्रियाकलापमा भाग लिन्छौ ? लिदैनौ भने किन ? ..............................

११. पुरुष शिक्षकले तिमीलाई कस्तो व्यवहार गर्नुहुन्छ ? .........................................

**१२. तिमीले गृहकार्य कत्तिको गर्छौ ? गर्दैनौ भने किन ?** ............................................

**१३. तिमी विद्यालयमा नियमित हाजिर हुन्छौ ? हुदैनौ भने किन ?** ..................................

## सामुदायिक निम्न माध्यमिक विद्यालयमा छात्रा सहभागिता

## परिशिष्ट–६

## विद्यालय छाडेको छात्राका लागि अन्तर्वार्ता प्रश्नावली

नाम.........................................          उमेर................................

विद्यालयः ................................          ठेगानाः ..............................

छाडेको कक्षाः ....................................

१. विद्यालय जान मन लाग्छ कि लाग्दैन ?

क. लाग्छ          ख. लाग्दैन

२. तिमी कुन विद्यालय पढ्थ्यौ र कति कक्षामा छाड्यौ ?

............................................

३. तिमीले विद्यालय छाड्नुको कारण के हो ?

क. आर्थिक          ख. घरायसी कारण          ग. छोरी भएकोले

घ. विद्यालयको दुरी टाढा भएकोले          ङ. विद्यालयमा असमान व्यवहार भएकोले

च. वारम्वारको असफलता/फेल भएकोले          छ. अन्य कुनै भए

४. तिम्रो वुवा आमा के काम गर्नुहुन्छ ? ..........................................

५. परिवार संख्या कति छ ? .....................................................

६. विद्यालयमा के के सुविधा भयो भने तिमी विद्यालय जान सक्छौ ? .........................

७. शिक्षकहरुले कस्तो व्यवहार गर्नुहुन्थ्यो ? ..........................................................

८. शिक्षिकाले कस्तो व्यवहार गर्नुहुन्थ्यो ? (कुनै विशेष घटना भए बताएदिन्थ्यो कि ? ) .....

९. तिमीले विद्यालय छाडेपछि अहिले क काम गर्छौ ? ..................................................

१०. तिमी विद्यालय फेरी भर्ना हुन चाहन्छौ ? ...........................................................

# सामुदायिक निम्न माध्यमिक विद्यालयमा छात्रा सहभागिता

## परिशिष्ट-७

## कक्षागत उत्तीर्ण छात्रा-२०६६

| विद्यालयको नाम | कक्षा ६ | | | कक्षा ७ | | | कक्षा ८ | | | जम्मा परीक्षामा सम्मिलित | जम क उत्त छा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा परीक्षामा सम्मीलित | कक्षा उत्तीर्ण छात्रा | उत्तीर्ण प्रतिशत | जम्मा परीक्षामा सम्मीलित | कक्षा उत्तीर्ण छात्रा | उत्तीर्ण प्रतिशत | जम्मा परीक्षामा सम्मीलित | कक्षा उत्तीर्ण छात्रा | उत्तीर्ण प्रतिशत | | |
| व्रजहला नि.मा.वि | २५ | २१ | ८४ | २० | १७ | ८५ | १७ | १२ | ७०.५ | ६२ | ५ |
| वदुर्गा नि.मा.वि | २२ | १७ | ७७.३ | १८ | १५ | ८३.३ | १७ | १२ | ७०.५ | ५७ | ४ |
| नता नि.मा.वि. | २२ | १७ | ७७.३ | १८ | १५ | ८३.३ | ६ | ५ | ८३.३ | ४६ | ३ |
| ैरहवा .मा.वि | ३६ | ३१ | ८६.१ | ३८ | ३५ | ९२.१ | ४२ | ३२ | ७६.१ | ११६ | ९ |
| पन्देही लिलाराम यौपाने .मा.वि. | ४६ | ३६ | ७८.२६ | ४८ | ४२ | ८७.५ | ५६ | ४४ | ७८.५ | १५० | १ |
| ु.संस्कृत ा.वि. | २६ | २२ | ८४.६ | ३८ | ३२ | ८४.२ | ६० | ४८ | ८० | १२४ | १० |
| क्लिहवा ा.वि. | ४६ | ४० | ८७ | ३८ | ३२ | ८४.२ | ३६ | २६ | ७२.२ | १२० | ९ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| लाहिया ा.वि. | ८ | ६ | ७५ | १३ | १२ | ९२.३ | ९ | ७ | ७७.७ | ३० | २ |
| चेल्हिया मा.वि. | ३२ | २८ | ८७.५ | १८ | १५ | ८३.३ | २० | १८ | ९० | ७० | ६ |
| ानु मा.वि. | २७ | २२ | ८१.४ | ४१ | ३५ | ८५.३ | ४७ | ३६ | ७६.५ | ११५ | ९ |
| जम्मा | २९० | २४० | ८२.७५ | २९० | २५० | ८६.२ | ३१० | ४२० | ७७.४१ | ८९० | ७ |

**स्रोतः स्थलगत सर्वेक्षण, २०६८**

# सामुदायिक निम्न माध्यमिक विद्यालयमा छात्रा सहभागिता

## परिशिष्ट–८

## कक्षागत उत्तीर्ण छात्रा–२०६७

| विद्यालयको नाम | कक्षा ६ | | | कक्षा ७ | | | कक्षा ८ | | | जम्मा परीक्षामा सम्मिलित | जम क उत्त छा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा परीक्षामा सम्मीलित | कक्षा उत्तीर्ण छात्रा | उत्तीर्ण प्रतिशत | जम्मा परीक्षामा सम्मीलित | कक्षा उत्तीर्ण छात्रा | उत्तीर्ण प्रतिशत | जम्मा परीक्षामा सम्मीलित | कक्षा उत्तीर्ण छात्रा | उत्तीर्ण प्रतिशत | | |
| व्रजहला नि.मा.वि | २८ | २५ | ८९.२ | २० | १८ | ९० | २० | १७ | ८५ | ६८ | ६ |
| वदुर्गा नि.मा.वि | २० | १८ | ९० | २८ | २४ | ८५.७ | १० | ८ | ८० | ५८ | ५ |
| नता नि.मा.वि. | २७ | २४ | ८८.८ | २३ | २० | ८७ | ८ | ६ | ७५ | ५८ | ५ |
| गरहवा .मा.वि | ४५ | ४२ | ९३.३ | ३९ | ३४ | ८७.१ | ४५ | ३५ | ७७.८ | १२९ | ११ |
| पन्देही लिलाराम यौपाने .मा.वि. | ५८ | ५४ | ९३.१ | ५२ | ४८ | ९२.३ | ५८ | ५० | ८६.२ | १६८ | १५ |
| ु.संस्कृत ा.वि. | ३३ | ३० | ९०.९ | ४२ | ३८ | ९०.५ | ६७ | ५८ | ८६.५७ | १४२ | १३ |
| क्लिहवा ा.वि. | ४८ | ४२ | ८७.५ | ४१ | ३६ | ८७.८ | ३८ | ३२ | ८४.२ | १२७ | ११ |
| लाहिया | १० | ९ | ९० | १६ | १३ | ८१.२५ | १० | ८ | ८० | ३६ | ३ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ा.वि. | | | | | | | | | | | |
| चल्हिया मा.वि. | ३५ | ३० | ८५.७ | २१ | १८ | ८५.७ | २२ | १८ | ८१.८ | ७८ | ६ |
| ानु मा.वि. | ३० | २६ | ८६.६ | ४६ | ४१ | ८९.१ | ६१ | ५८ | ८६.५७ | १४३ | १ |
| जम्मा | ३३४ | ३०० | ८९.८ | ३२८ | २९० | ८८.४१ | ३३९ | २९० | ८४ | १००७ | ८ |

**स्रोतः स्थलगत सर्वेक्षण, २०६८**

# परिशिष्ट-९

## छात्रा सहभागितामा प्रभाव पार्ने विद्यालय सम्बन्धित तत्व

| प्रभाव पार्ने तत्वहरु | प्र.अ. १० | महिला शिक्षिका २० | विद्यालय जाने छात्राका अभिभावक २० | विद्यालय छाडेका छात्राका अभिभावक २० | विद्यालय जाने छात्रा २० | विद्यालय छाडेका छा २० |
|---|---|---|---|---|---|---|
| नामूलक कार्यक्रम | १० (१००) | २० (१००) | १५ (७५) | १५ (७५) | – | – |
| री नीतिनियम | १० (१००) | २० (१००) | १५ (७५) | १० (५०) | ८ (४०) | १५ (७५) |
| को व्यवस्था | १० (१००) | २० (१००) | १५ (७५) | २० (१००) | २० (१००) | १५ (७५) |
| काको नियुक्ति | १० (१००) | २० (१००) | – | - | २० (१००) | १५ (७५) |
| ी मूल्याङ्कन | १० (१००) | २० (१००) | १० (५०) | - | – | – |
| क्त क्रियाकलाप र कक्षा कलापमा छात्रा सहभागिता | १० (१००) | २० (१००) | १५ (७५) | - | १५ (७५) | – |
| शिक्षकको छात्राप्रतिको र | १० (१००) | १५ (७५) | – | – | १० (५०) | १० (५०) |
| कम सम्बन्धी कारण | १० (१००) | २० (१००) | १५ (७५) | २० (१००) | १५ (७५) | १५ (७५) |

(कोष्ठ भित्रको संख्याले प्रतिशत जनाउँदछ)

स्रोत: स्थलगत सर्वेक्षण, २०६८

# सामुदायिक निम्न माध्यमिक विद्यालयमा छात्रा सहभागिता

## परिशिष्ट–१०

## बिचैमा कक्षा छाड्ने छात्राहरुको स्थिति–२०६६

| विद्यालयको नाम | कक्षा ६ | | | | कक्षा ७ | | | | कक्षा ८ | | | | नि.मा.वि.मा कुल छात्रा भर्ना | परी… समि… छ… |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा छात्रा भर्ना | परीक्षामा सम्मिलित छात्रा | कक्षा छाड्ने छात्रा | कक्षा छाड्ने प्रतिशत | जम्मा छात्रा भर्ना | परीक्षामा सम्मिलित छात्रा | कक्षा छाड्ने छात्रा | कक्षा छाड्ने प्रतिशत | जम्मा छात्रा भर्ना | परीक्षामा सम्मिलित छात्रा | कक्षा छाड्ने छात्रा | कक्षा छाड्ने प्रतिशत | | |
| व्रजहला नि.मा.वि | २७ | २५ | २ | ७.४ | २२ | २० | २ | ९.१ | २० | १७ | ३ | १५ | ६९ | |
| वदुर्गा नि.मा.वि | २५ | २२ | ३ | १२ | २० | १८ | २ | १० | २० | १७ | ३ | १५ | ६५ | |
| नता नि.मा.वि. | २५ | २२ | ३ | १२ | २० | १८ | २ | १० | ८ | ६ | २ | २७५ | ५३ | |
| रहवा .मा.वि | ४० | ३६ | ४ | १० | ४० | ३८ | २ | ५ | ४५ | ४२ | ३ | ६.६७ | १२५ | १ |
| पन्देही लिलाराम थौपाने .मा.वि. | ५० | ४६ | ४ | ८ | ५० | ४८ | २ | ४ | ६० | ५६ | ४ | ६.६७ | १६० | १ |
| ु.संस्कृत ा.वि. | ३० | २६ | ४ | १३.३ | ४० | ३८ | २ | ५ | ६५ | ६० | ५ | ७.७ | १३५ | १ |
| क्लिहवा ा.वि. | ५० | ४६ | ४ | ८ | ४० | ३८ | २ | ५ | ४० | ३६ | ४ | १० | १३० | ९ |
| लाहिया | १० | ८ | २ | २० | १५ | १३ | २ | १३.३ | १० | ९ | १ | १० | ३५ | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ा.वि. | | | | | | | | | | | | | | |
| चेल्हिया ा.वि. | ३५ | ३२ | ३ | ८.५७ | २० | १८ | २ | १० | २४ | २० | ४ | १६.६७ | ७९ | |
| ानु मा.वि. | ३० | २७ | ३ | १० | ४२ | ४१ | १ | २.३८ | ५० | ४७ | ३ | ६ | १२२ | १ |
| म्मा | ३२२ | २९० | ३२ | ९.९४ | ३०९ | २९० | १९ | ६.१५ | ३४२ | ३१० | ३२ | ९.४ | ९७३ | ८ |

**कोष्ठको भित्रको संख्याले प्रतिशत जनाउँछ ।**

**स्रोतः स्थलगत सर्वेक्षण, २०६८**

# सामुदायिक निम्न माध्यमिक विद्यालयमा छात्रा सहभागिता

## परिशिष्ट–११

## बिचैमा कक्षा छाड्ने छात्राहरुको स्थिति–२०६७

| द्यालयको नाम | कक्षा ६ | | | | कक्षा ७ | | | | कक्षा ८ | | | | नि.मा.वि.मा कुल छात्रा भर्ना | प स |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा छात्रा भर्ना | परीक्षामा सम्मिलित छात्रा | कक्षा छाड्ने छात्रा | कक्षा छाड्ने प्रतिशत | जम्मा छात्रा भर्ना | परीक्षामा सम्मिलित छात्रा | कक्षा छाड्ने छात्रा | कक्षा छाड्ने प्रतिशत | जम्मा छात्रा भर्ना | परीक्षामा सम्मिलित छात्रा | कक्षा छाड्ने छात्रा | कक्षा छाड्ने प्रतिशत | | |
| जहला .मा.वि | ३० | २८ | २ | ६.६७ | २२ | २० | २ | ९.१ | २२ | २० | २ | ९.१ | ७४ | |
| व्दुर्गा .मा.वि | २२ | २० | २ | ९ | ३० | २८ | २ | ६.६७ | १३ | १० | ३ | २३ | ६५ | |
| नता .मा.वि. | ३० | २७ | ३ | १० | २५ | २३ | २ | ८ | १० | ८ | २ | २० | ६५ | |
| रहवा मा.वि | ४७ | ४५ | २ | ४.३ | ४१ | ३९ | २ | ४.९ | ५० | ४५ | ५ | १० | १३८ | |
| न्देही लाराम ैपाने मा.वि. | ६१ | ५८ | ३ | ४.९२ | ५४ | ५२ | २ | ३.७ | ६१ | ५८ | ३ | ४.९ | १७६ | |
| संस्कृत .वि. | ३५ | ३३ | २ | ५.७ | ४४ | ४२ | २ | ४.५ | ७० | ६७ | ३ | ४.३ | १४९ | |
| क्लिहवा .वि. | ५२ | ४८ | ४ | ७.७ | ४३ | ४१ | २ | ४.७ | ४१ | ३८ | ३ | ७.३ | १३६ | |
| नाहिया | ११ | १० | १ | ९ | १८ | १६ | २ | ११.१ | १२ | १० | २ | १६.६७ | ४१ | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **.वि.** | | | | | | | | | | | | | |
| **ल्हिया .वि.** | ३९ | ३५ | ४ | १०.३ | २३ | २१ | २ | ८.७ | २५ | २२ | ३ | १२ | ८७ |
| **नु मा.वि.** | ३४ | ३० | ४ | ११.७६ | ४८ | ४६ | २ | ४.२ | ६५ | ६१ | ३ | ४.७ | १४६ |
| **म्मा** | ३६१ | ३३४ | २७ | ७.५ | ३४८ | ३२८ | २० | ५.७ | ३६८ | ३३९ | २९ | ७.९ | १०७७ |

**कोष्ठको भित्रको संख्याले प्रतिशत जनाउँछ।**

**स्रोतः स्थलगत सर्वेक्षण, २०६८**

## सामुदायिक निम्न माध्यमिक विद्यालयमा छात्रा सहभागिता

## परिशिष्ट-१२

## छात्रा सहभागिता वृद्धि गर्ने उपाय

| क्र.स. | छात्रा सहभागिता वृद्धि गर्ने उपाय | प्र.अ १० | महिला शिक्षिका २० | छात्रा (विद्यालय जाने/नजाने) को अभिभावक ४० | विद्यालय जाने छात्रा २० | विद्यालय छाडेका छात्रा २० | वि.व्य.स. महिला सदस्य १० |
|---|---|---|---|---|---|---|---|
| १. | विद्यालय व्यवस्थापनमा सुधार गर्ने | १० (१००) | १५ (७५) | ४० (१००) | १० (५०) | १५ (७५) | ९ (९०) |
| २. | पारिवारिक अवस्था र संरचनालाई गुणस्तरीय एवं व्यवस्थित गर्ने | १० (१००) | २० (१००) | ३० (७५) | १५ (७५ | २० (१००) | ९ (९० |
| ३. | सामाजिक व्यवहार सकारात्मक बनाउने | १० (१००) | २० (१००) | ३० (७५) | १६ (८०) | २० (१००) | १० (१००) |
| ४. | अभिभावकलाई आयमूलक कार्यमा लगाउने | १० (१००) | १५ (७५) | ४० (१००) | १० (५०) | २० (१००) | ९ (९०) |
| ५. | विद्यालयमा पढाइने भाषा र भौगोलिक तत्वलाई व्यवस्थित पार्ने | १० (१००) | १० (५०) | ३० (७५) | १० (५०) | १५ (७५) | ८ (८०) |

(कोष्ठको भित्रको संख्याले प्रतिशत जनाउँछ) स्रोतः स्थलगत सर्वेक्षण, २०६८

## सामुदायिक निम्न माध्यमिक विद्यालयमा छात्रा सहभागिता

## परिशिष्ट–१३

## भैरहवा स्रोतकेन्द्रको नक्सा




स्रोतकेन्द्र भैरहवा अभिलेख, २०६८